# नेपाली

(त्रैमासिक)

**२०६५ माघ, फागुन र चैत पूर्णाङ्क १९८**

## *मदन पुरस्कार पुस्तकालयको अनुरोध*

*१. आफ्नो सहर, जिल्ला अथवा गाउँमा कुनै नयाँ पुस्तक, पत्रिका निस्केको थाहा पाउनुभएको छ भने पुस्तकालयलाई सूचना दिइहाल्नोस् ।*

*२. निःशुल्क वितरण हुने प्रकाशन (किताब, बुलेटिन, बुकलेट, पर्चा आदि) जे पाउनुहुन्छ, पुस्तकालयलाई सम्झेर पठाइदिनुहोस् ।*

*३. यस पुस्तकालयलाई नेपाली भाषा र साहित्यको आधिकारिक सङ्ग्रहस्थल बन्न सहयोग गर्नुहोस् ।*

*४. अब त हामी 'इन्टरनेट'मा पनि पसेका छौँ । हाम्रो 'वेबसाइट' www.madanpuraskar.org बाट हामीकहाँ सङ्कलित पुस्तक तथा पत्रिकाहरूको सूची हेर्न सकिनेछ । तर त्यो सजिलोसँग हेर्न भने आफ्नो कम्प्युटरमा 'नेपाली युनिकोड' जडेको हुनुपर्छ । त्यहाँ हेर्दा यहाँ नभएका तपाईंहरूका केही पुस्तकहरू भेटिए हामीलाई पठाइदिनुहोस् । हामी तत्काल तिनलाई सूचीकृत गर्नेछौँ ।*

*५. हाम्रो ठेगाना हो–*
*मदन पुरस्कार पुस्तकालय, पोस्ट बक्स नं. ४२*
*श्रीदरबारटोल– ४४७०२, ललितपुर, नेपाल ।*
*फ्याक्स नं.– (+९७७)-१-५५३६३९०*
*इ-मेल- info@mpp.org.np*

**– पुस्तकालयाध्यक्ष**

## श्री ५ को सरकार, गृहमन्त्रालय

भव्य लाग्छ यो शीर्षक तर त्यसभन्दा तल जे देखिन्छ, उदेक लाग्छ । एउटा साधारणभन्दा साधारण कागज छ, स्कूलमा चल्ने कापीका साइजको । 'लेटरहेड' होइन, त्यसमा छापिएको केही छैन । सबै लेखोट छ, टाइप गरेको होइन, हातले लेखेको एउटा चिठी, २०१६ साल असारको (नेपालको) श्री ५ को सरकारको गृहमन्त्रालयले लेखेको ! किर्ते होइन त्यो कागज, रीतपूर्वकको छाप लागेको छ, रबर स्ट्याम्पको श्री ५ को सरकारको 'क्रेस्ट' भएको नीलो रङको । तर यति निरीह लाग्छ यो पत्र देख्दा । पहिलेपहिले राणाकालमा पनि सरकारी कागजपत्र साधारण कागजमै लेखिन्थे, नेपाली कागजमा । छापबाट मात्र सरकारी चिठीपत्र हो भन्ने बुझिन्थ्यो । तर ती छाप कालो रङ्गमा मोहरे छाप हुन्थे, यस्तो 'रबरस्ट्याम्प प्याड' को नीलो होइन । नेपालमा प्रजातन्त्र आइसकेर पनि निर्वाचित सरकारले शासन चलाइराखेको बखत छ । त्यस्ता बेला पनि गृहमन्त्रालय जस्तो महत्त्वपूर्ण सङ्कायबाट यति दरिद्र पाराले चिठी पठाइन्थ्यो भन्ने पत्याउन गाह्रो हुन्छ । सरकारी कामकाजी लेखापढी हो यो भन्नै नसकिने खालको छ यो पत्र। तर पूरै औपचारिक। 'सहायक सचिव, गृह मन्त्रालय' भन्ने छाप मारेर चन्द्रप्रसाद भन्नेले सही गरेको छ, यो च.नं. २८८८५ को पत्र सङ्ख्या २८/१/प्र.सु. २२०३/०१६ को चिठीमा ! मिति ०१६/३/१४/१ को यस चिठीको विषय छ– 'पुस्तकहरू पठाएको' र पठाइएको छ 'श्री ने.भा.प्र.स.' लाई । यत्ति मात्र छ, नाम-ठेगाना छैन। चिठीको बेहोरा पनि एउटा वाक्य मात्र छ । लेखिएको यत्ति छ–

"उक्त विषयमा निम्नलिखित पुस्तकहरू निम्नलिखित मेजिष्ट्रेट अफिसहरूबाट यस अफिसमा प्राप्त हुन आएकाले कार्यवाहिका निमित्त प्रति १ का दरले साथै प्रेषित गरिएको छ ।"

यति बेहोरापछि ३ ओटा पुस्तकका नाम दिइएको छ, यसरी:

"(१) सप्ट त्रिंसवोधिव स्वायम्भू पुराणम– ल.पु.मे.अ.

*(बाँकी पृष्ठ ५२ मा)*

## जङ्गबहादुरका नेकीका काम

*– सम्पादक*

[२०१३ सालमा कवि कोमलनाथ अधिकारीले मलाई 'सरस्वती एक्सरसाइज बुक' भन्ने छापिएको एउटा लेखोट कापी उपहार दिएका थिए। त्यसमा ६३ पृष्ठ उनका लेखोट थिए– उनले १५/२० वर्षअघि सारिराखेको एउटा इतिवृत्त। त्यसमा शीर्षक केही थिएन तर महाराज जङ्गबहादुरले गरेका 'नेकी जवाँ मर्दी' कामहरूको फिरिस्त थियो। मैले त्यो कापी म.पु.पु.मा जम्मा गरिदिएको थिएँ।

त्यतिबेला मलाई जङ्गबहादुरको नामले त्यति आकर्षित गर्दैनथ्यो। त्यसै हुँदा मैले त्यो कापी मेरो एउटा सानो टिपोट साथ पुस्तकालयको दराजमा थन्काइदिएको थिएँ। त्यसपछि जङ्गबहादुर बेलाइत गएको कुरा लेखिएको अर्को त्यस्तै कापी २०१४ सालको सुरुतिरै मैले पाएँ। त्यसले मलाई आकृष्ट गऱ्यो र पुस्तकालयकै नामबाट मैले त्यसलाई प्रकाशित गरेँ– "जङ्गबहादुरको बेलाइत यात्रा" भन्ने नाम राखेर। त्यसपछि जङ्गबहादुरको नाममा मलाई चाख लाग्न थाल्यो र मैले उनका विषयमा पाएका जति कुरा प्रकाशित गर्न थालेँ। दुईचारओटा भैसके त्यस्ता किताप। तर कोमलनाथजीले त्यति श्रद्धासाथ दिएको त्यो कापी भने त्यही दराजमा कोच्चिएर बसिराख्यो, मैले सम्झँदै सम्झिनँ। हालै त्यस दराजमा भएका लेखोटहरू रुजु गर्न लाग्दा त्यो कापी देखेर म झल्याँस्स भएँ र त्यसलाई पनि प्रकाशित गरिहाल्ने अठोट गरेँ। तर त्यसमा छुट्टै पुस्तक बनाउन सामग्री नपुग्ने जस्तो

लाग्यो मलाई र पहिले त्यो 'नेपाली'मा छाप्ने अनि त्यसको 'प्रिन्ट आउट' निकाली पुस्तिकाको रूप दिने निधोमा म पुगेको हुँ। अनि मैले त्यस लेखोटलाई एउटा शीर्षक राखें : "जङ्गबहादुरका नेकीका काम" किनभने, माथि नै भनियो, त्यसभित्र सबै नै 'नेकी'का कामको बखान गरिएको छ।

यो 'नेकी' भन्ने शब्द फारसीको 'नेक'बाट नेपालीमा भित्रिएको हो। यसको अर्थ हो खुबी, असल काम या हित। ऊर्दूमा आइपुग्दा यसले सज्जन या भद्र भन्नेसम्म अर्थ लिइसक्दो रहेछ। त्यस विशेषणबाट नै नेकी भन्ने संज्ञा (नाउन) बनेको हो। तर नेपाली कोशहरूमा हेर्दा टर्नरले नेक भन्ने शब्द लिए तापनि 'नेकी'लाई लिएको देखिँदैन। प्रज्ञा-प्रतिष्ठानको कोशमा त नेक या नेकी दुवै छैनन्। तर हेमाङ्गराज अधिकारीको प्रायोगिक शब्द कोशमा भने नेकी र नेक दुवै छन् र अर्थ दिएको छ– उत्तम, असल, भलो या भलाइ। मुगल दरबारका धेरै शब्द भित्र्याउने नेपाल दरबारमा नेकनाम, नेकी, नेक जस्ता निकै शब्द आयात भई प्रयोग भएका थिए। त्यसैले जङ्गबहादुरको गुण गाउन लेखकले उनले गरेका (नगरेका पनि गरे भनी हल्ला गरिएका) राम्रा कामहरूलाई 'नेकीका काम' भनेर बखान गरेको छ। त्यसमा आश्चर्य मान्नुपर्दैन। हुन पनि यहाँ त जङ्गबहादुरले गरेका भनी एकदेखि पन्ध्रसम्मका कार्यको लगत नै दिइएको छ (पृ. ४८) र त्यस्ता प्रत्येक नेकीका कार्यका दसौँ उप-कार्यहरूको बयान गरिएको छ। जस्तो "बाह्रौं नेकीको पैह्लो काम (पृ. ३५)। त्यो रहेछ : "वुढानीलकंठको कुलो ठाउँठाउँमा चपरी हाली जगा उकासी थापाथलीमा ल्याउनुभयो. यो कुलो ल्याउनाले दुनिञाको नकसालदेखी तलमाथीको घैयाटार सवै पानी खेत हुनगयो. तेसमा दुनीञा राजी भया...१"

यो लेख्ने को हो, हामीलाई थाहा छैन। त्यसबेला चलेको वंशावलीमा थप्न भनेर कसैले यो लेख्यो होला भन्ने अनुमान गर्नुपर्छ। त्यो हाम्रो हातमा आएको भन्ने कवि कोमलनाथ अधिकारीका माध्यमबाट हो भनेर माथि नै भनिसकियो। मिति २०१३/६/१५/१ मा मैले यो कापीमा पछिल्तिर यस्तो टिप्पणी लेखेको रहेछु :

"यो किताप पं. कोमलनाथजीले महाराज जुद्धका पालामा महाराजका हुकुममुताबिक एउटा वंशावली जस्तो किताबबाट (जो सायद ज. केशरको लाइब्रेरीबाट केही दिनका लागि महाराज कहाँ आएको थियो) सार्नुभएको हो। एक प्रति नकल गर्नु भन्ने भएकोमा वहाँले सुटुक्क दुई कपी गर्नुभएछ। एक प्रति महाराजकहाँ टक्राई एक प्रति आफैँकहाँ राख्नुभएको रहेछ। यो त्यही प्रति हो रे, पण्डितजीले भन्नुभएको।"

त्यसमा मैले मिति हालीकन आफ्नो सही पनि गरेको रहेछु। अहिले त्यही लेखेको मलाई काम लाग्यो। नत्र यसको नालीबेली कहाँ खोज्थेँ म ! पहिले, कोमलनाथले यो काम किन र कसरी गरे भन्नेबारे अलिकति भनूँ। यी कवि संस्कृतका प्रसिद्ध काव्यहरूको समश्लोकी अनुवाद गर्नमा नामुद थिए। 'नैषधीय चरित' को अनुवादमा त यिनले २०२० सालको मदन पुरस्कार पनि पाएका हुन्। यिनी महाराज जुद्धशमशेरका प्रियपात्र पण्डित हुनपुगेका थिए, १९८९ मा गीताको अनुवाद गरेपछि। महाराजका त्यति निकट भएकाले नै उनले आफ्नो अनुवादलाई "कोमल गीता" न्वारान गर्ने सौभाग्य पाएका हुन्। त्यसबाहेक उनलाई 'धर्मप्रचारक पण्डित' भन्ने उपाधि पनि दिएका थिए महाराजले। यी सबै कुरा आफ्नो गीताको प्रथम संस्करण (१९९०) को भूमिकामा उनले बताएका छन्। उनै आफ्ना विश्वासप्राप्त पण्डितलाई महाराजले जङ्गबहादुरका बारेको यो लेखोट सार्न लगाएका थिए।

लेखोट सार्ने लेखकका बारेमा यति बेलिबिस्तार गरेपछि अब खुद त्यो लेख्ने लेखकका बारेमा केही भनूँ। पहिलो कुरा त के भने उनका बारेमा हामीलाई केही थाहा छैन। अनुमान लगाउनुपर्छ– यो कैले लेखियो, कसले लेख्यो त्यो– भन्नेमा।

पैलो अनुमान, यो कैले लेखियो ? मेरो अनुमान छ, यो १९३३ र १९३८ सालको पाँच वर्षका बीचमा लेखिएको हुनुपर्छ। "तेत्तीस साल जाँदो फागुन मैना/यमराजले देखाया कालको ऐना" अर्थात् १९३३ साल फागुनमा जङ्गबहादुरको मृत्यु हुनुअघिदेखि यो लेखिएको होओइन। यो लेखाउने काम धीरशमशेरले गरेको हुनुपर्छ भन्ने अनुमान गरिएकाले उनको मृत्यु भएपछिको यो होइन होला भनेको हुँ

मैले। धीरशमशेरले यो गुणानुवाद लेखाए भन्ने मेरो अर्को अनुमान हो किनभने जङ्गबहादुरलाई सबभन्दा मान्ने र श्रद्धा गर्ने राणा खलकमा उनी नै हुन्। जङ्गबहादुरले पनि आफ्ना कान्छा भाइ 'सान्नानी' अर्थात् धीरशमशेरलाई अति नै माया गर्थे, त्यति नै पत्याउँथे पनि। त्यसैले जङ्गबहादुर महाराजका 'जावाँमर्दी'का वर्णन गराइराख्न चाहने व्यक्ति धीरशमशेरबाहेक अर्को हुन सक्तैनथ्यो भन्ने मलाई लाग्छ। त्यो लाग्नाको अर्को कारण पनि छ। १९४२ सालमा वीरशमशेरहरूले जङ्गबहादुरको वंशविनास गरिसकेपछि राणाहरूको कसैले जङ्गको बखान गरिरहनु सम्भव लाग्दैन। जङ्गबहादुरमाथि ओठेभक्ति देखाउँदै उनका औरस सन्तान हामी नै हौँ भनेजस्तो पारी आफ्नो नामको पछाडिको 'कुँवर'लाई 'जङ्गबहादुर' बनाएर लेख्न थाले उनीहरूले। तर साँच्चै जङ्गबहादुर महाराजको गुन गाइरहनु उनीहरूका लागि वाञ्छनीय थिएन। त्यस्तो गर्नु बरु खतरायुक्त थियो। यो मेरो आफ्नो विश्लेषण हो, वास्तविक इतिहाससँग मिल्न पनि सक्छ नमिल्न पनि। तर धीरशमशेरले नै यो जवामर्दी र नेकीका कामको जगेर्ना लगाए होलान् भन्ने मेरो अड्कलमा इतिहाससँग कुनै साइनो नभएको एउटा साहित्यिक कृतिले पनि प्रभाव पारेको छ। त्यो किताप हो, पतञ्जली गजुरेलको तीर्थावली। कितापको लामो पूरा नाम हो– "धीरादेश पातञ्जल तीर्थावली जुद्धप्रकाश" अर्थात् धीरशमशेरका आदेशबमोजिम तयार पारिएको नेपालका तीर्थहरूको बयान। आफ्ना बाबुका अडरबाट १९३६ सालतिर लेखिएको त्यो ग्रन्थ आफू राजा भएपछि जुद्धशमशेरले १९९३ सालमा छापी प्रकाश गरेका थिए। भन्न खोजेको के भने बेलाइत पुगेर आएका, 'देश खाई शेष भएका' धीरशमशेर यस्ता कुरामा निकै प्रबुद्ध थिए– इतिहास लेखिनुपर्छ, अभिलेख राखिनुपर्छ भन्नेमा उनी सचेत थिए। नेपालमा चिनिएका र नचिनिएका पनि असङ्ख्य तीर्थस्थलहरू छन्, तिनको 'रेकर्ड' रहनुपर्छ भन्ने बोध गरी उनले आफ्नो आश्रित एक जना पण्डित, कवि पतञ्जली गजुरेललाई लगाई मन्दिर र तीर्थस्थलहरूको किताप तयार गराए भने, त्यस्ता मान्छेले आफ्ना पराक्रमी दाजुको कीर्ति राख्न उनका 'औलिया' (दैवी शक्ति भएका) कार्यको गणना गरी अभिलेख राख्न लगाएन होलान् ?

सुरेन्द्रविक्रम शाह युवराज हुँदादेखिका सबै 'कुकृत्य'हरूको फिरिस्त चढाई 'वेरीत कुवेसन छुटाई इज्जतसँग श्री ५ महाराजाधिराजलाई राहारीत पूर्वक गद्दीमा राज गराउनुभयो" (पृ. १६) भनेको देख्दा पनि यस्तो कुरा निकै माथिल्लो ओहदामा पुगेका व्यक्तिले नअराई कसैले लेख्ने आँट गर्दैनथ्यो भन्ने लाग्छ मलाई। त्यसैले पनि यो लेख्न लगाउने व्यक्ति धीरशमशेरभन्दा तलको कोही हुन सक्तैन भन्नेमा म विश्वस्त भएको हुँ। तर माथि एक ठाउँमा मैले 'गरेका (र नगरेका पनि गरेका भनी हल्ला गरिएका)' लेखेको छु। किनभने जङ्गबहादुरले साँच्चै इनारमा फाल हाली फेरि इनारबाट निस्किआएको भन्ने (पहिला नेकीको चौथो काम) या सहरमा आएको बाघलाई आफ्ना हातले पक्री बाँधेर (पहिला नेकीको पाँचौँ काम) भनेका जस्ता अलौकिक काम साँच्चै गरेका थिए कि थिएनन्, यसै भन्न सकिन्न। अतिरञ्जित गरी त्यस्ता कार्यको पनि यहाँ बखान गरिएको छ। त्यसको विपरीत साँच्चै ऐतिहासिक (वास्तविक) कार्य पनि यहाँ उल्लिखित छन्। उदाहरणार्थ 'अघि भोटेहरू पल्टनमा सिपाही हुन पाउँदैनथे। १९११ सालदेखि लामा पल्टन खडा गरेको' (तेह्रौँ नेकीको आठौँ काम) बयान छ यहाँ। त्यस्तै रैतीलाई झार्रा (बिनामन्जुरी काम) नलगाउनू भन्ने ऐन पास गरिदिएको (चौधौँ नेकीको पैलो काम) पनि उल्लेख छ। यस्ता सबै कुरा एकै ठाउँमा भएकाले यो लेखोट महत्त्वपूर्ण भएको छ। जुद्धशमशेर महाराजले समेत त्यसको महत्त्व बुझेको देखियो। नत्र त्यसको प्रतिलिपि बनाई राख्ने थिएनन् उनले।

यस कापीमा महाराज जङ्गबहादुरले गराएका यज्ञयागादिको लामै फिरिस्त दिइएको छ (बाह्रौँ नेकीको तेह्रौँ काम)। त्यहाँ 'पर्वत्दान' भन्ने नै पचासजति परेका छन्। यी पर्वतदान भनेको तुलादानभन्दा ठूला हुन् भन्ने बुझिन्छ, किनभने तुलादान भनेको आफ्नो वजनबमोजिमको वस्तु तौलेर त्यो दान गर्ने हो। पर्वत्दान भनेपछि त्यही वस्तु पर्वत् जस्तो अर्थात् निकै ठूलो परिमाणमा दान गर्ने भन्ने बुझ्नुपर्छ। यत्रायत्रा दान गर्ने, अनि हिरण्यगर्भ (भन्नाले सुनको घ्याम्पो बनाएर त्यसभित्र बसी) दान गर्ने त्यस्ता दाताले ब्राह्मणहरूलाई नगद दान-दक्षिणा दिएको सानाठूला रकमको पनि उल्लेख गरेको छ। त्यो देख्दा यो के हो भनेजस्तो लाग्छ तापनि

हामीले बुझ्नुपर्छ, संवत् १९१० सालका रुपियाँको मूल्य । महाराज जङ्गबहादुरले नगद दक्षिणा दिएका ब्राह्मणहरूको सूची हेर्दा त्यसबेलाका ब्राह्मण समाजको पनि केही भेउ पाइन्छ । जस्तो–

| | |
|---|---|
| "...गुरु धर्मानंद पंडित के घरखेत समेत ६००० वक्स्याको | १ |
| गुरुज्यूलाई सैया समेत छ खेत वक्स्याको | १ |
| नरनाथ पंडितलाई ४०० वक्स्याको | १ |
| रविदत्त पंडित देवकोटा के २०० वक्स्याको | १ |
| जमदग्नि पंडित के रु १६०० वक्स्याको | १ |
| भुवनेश्वर पंडित के रु ५०० वक्स्याको | १ |
| गैरी के ..........वक्स्याको | १ |
| रमानंद पंडित के .......... वक्स्याको | १ |
| लक्ष्मीकांन्त पंडितके.................वक्स्याको | १ |
| वैयाकरण दवाडीलाई रु ५०० वक्स्याको | १ |

यी पण्डितजीहरू अवश्य पनि त्यसबेलाका नेपालका विख्यात विद्वान्हरू हुँदा हुन् । यिनका सन्तान ऐले पनि कतै होलान् नै नेपालमा, तर हामीलाई थाहा छैन । आफ्ना पुर्खाको नाम देखेर उनीहरू आफैले आफूलाई चिनाए हुन्थ्यो ।

यी ब्राह्मणहरूको नामनामेसीबाहेक यस लेखोटमा जङ्गबहादुरले गरेका सुधारहरू पनि उल्लेख्य लाग्छन् । अघि अङ्ग्रेजहरूसँग युद्ध पर्दा भीमसेन थापाले धेरै बिर्ताहरू अधिकरण गराई युद्धको खर्च उठाएका थिए । त्यसलाई त्यसबेलाका बाहुनहरूले "६२ (बासट्ठी) हरण" भनी निकै बदनाम गरेका थिए। त्यसको तुस १९१० सालतिर आइपुग्दा पनि कम भएको रहेनछ । त्यसलाई कम गराउन जङ्गबहादुरले पाइलो चालेका रहेछन् भन्नुपर्छ । "तेह्रौं नेकीको पहिलो काम काम"ले भन्छ–

"देवदेवताका गुठी र ब्राह्मणका विर्ता ६२ सालमा हरण भै कंपूमा भर्ना भयाका हुँदा देवदेवताको गुठी ब्राह्मणहरूको वीर्ता हरण हुन्या कुरो वढियो गऱ्याको रहेनछ. सो सबै जग्गा फोई दिउँभन्या कंपू खारेज गर्नु पऱ्यो. तसर्थ..." भनेर वीर्ताको सट्टा साँध

लगाई दिनुभयो” भनी जङ्गबहादुरको प्रशंसा गरिएको छ। त्यस्तै दूरगामी अरू पनि कदम चालेका रहेछन् जङ्गबहादुरले। उदाहरणार्थ पल्टनमा राई लिम्बू (किराती जात) लाई र भोटे (लामा) लाई भर्ना गर्न फुकुवा गरेका रहेछन् (तेह्रौँ नेकीका पाँचौँ र आठौँ काम)। त्यस्तै मगरगुरुङहरूलाई जुन पायो, उही पल्टनमा नहाली उनीहरूको छुट्टै पल्टन खडा गरी उसै जातका कर्णेलका मातहत राख्ने प्रथा चलाएछन्। उनले (तेह्रौँ नेकीको छैठौँ र सातौँ काम)।

जुन व्यक्तिले यो गुणानुवादको किताप लेख्यो या जल्ले यो लेखायो, उसले महाराज जङ्गबहादुरले गरेका सानाठूला सबै कुरा यस सूचीमा पारेको छ, सामान्य या अतिरञ्जित पाराले भए पनि। नेपालको राजकाजको शान्ति सुव्यवस्थाको, भोटयुद्धको, घर-सल्तनतको, धर्मकार्यको, रीतिरिवाजको एकएक गरी गन्ती गरिएको फेला पर्छ। एकसरो सबै पढिहेर्नु चासो पर्दो नै हुनेछ सबैलाई। पूर्व मीनमेख गरिराख्नु आवश्यक छैन। पछि इतिहासले निक्र्यौल गर्नेछ, कुन कति ठीक र कुन बेठीक भन्ने। तर साधारणतः राष्ट्रिय इतिहासले महत्त्व नदिने एउटा सानो तर राम्रो कामको चर्चा गरेर म यो भूमिका टुङ्ग्याऊँ। जङ्गबहादुरले गरेको एउटा कूटनीतिक काम यसरी बयान गरिएको छ। कूटनीतिक ‘नेकी’को त्यो कार्य हामीले अन्यत्र कतै सुनेका थिएनौँ। त्यो यस्तो छ :

“लदाकमा अघि सिखको र भोटको लडाइँ हुँदा जवाहिर सिङलाई मारी सिखहरूलाई पक्री भोटमा लगी धेरै वखतदेखि कैद पऱ्याका रहयाछन्. नेपालले भोटलाई दवायाको छ भंन्या मुलुकमा जाहेर हुँदा महाराज गुलावसिङ..... दरखास्त गर्दा भोटका अंवा र भोटका भारादारलाई भनी पठाई धेरै वर्ष देखि कैद भयाका सिखहरूलाई कैद छुटाई नेपालमा झिकाई...आफ्नाआफ्ना घरघर पठाई देशदेशावरमा जस फैलायाको” (आठौँ नेकीका बाह्रौँ काम)।

ती सबै बेहोरा आफै पढी हेर्न पुनः आग्रह गर्दै यो भूमिकालाई अलम् गरूँ– जङ्गबहादुरका नेकीका कामको।

– सम्पादक]

श्री:

श्री ५ गोर्खा महाराज पृथ्वीनारायण शाहका सरदार रामकृष्ण कुवरका पनाती, सरदार रणजित् कुवरका नाती, काजी बालनरसिंह कुवरका छोरा श्री ३ महाराज जंगबहादुर राणा जी. सी. बी. प्राइम्मिनिष्टर थाण्ड कम्याण्डर इन चीफ्बार नेकी जवांमर्दी गर्नु भयाको.

## पहिलो नेकीको पहिलो काम.

तञ्चा भयाका हात्ती वेकुम् भै माहुतलाई खसाली हात्तीसारबाट इन्द्रचोक तर्फ आई पसल भत्काई विधुत गर्न लाग्याका हात्तीमा इन्द्रचोक भाँडा पसल माथीका छानाबाट हात्तीका पीठमा फाल हाली हात्तीलाई कयदमा ल्याई हात्तीसारमा फिराई बधाई जवांमर्दी गर्नु भयो. ———————— १

## पहिलो नेकीको दोश्रो काम.

श्री ५ महाराजाधिराजबाट हुकुम हुंदा श्री त्रिशूल-गंगाका पुलमा बढ्याको फल्याक फिकी फल्याक फिक्याका खाली निदालबाट घोडालगी बीचमा पुग्या पछी घोडा फिराई ल्या भनी हुकुम हुंदा निदालको बीच माझबाट घोडा फिराई ल्याई जमामर्दी गर्नु भयो. ———————— २

## पहिला नेकीको तेश्रो काम.

वर्षाका याममा त्रिशूलगङ्गामा फाल हाल भनी श्री ५ महाराजाधिराजबाट हुकुम हुंदा फाल हाली ३-३ फेरा वारपार गरी नजर गराया पछी फेरी फाल हाल भनी हुकुम हुंदा तागत सकी हात नचल्दा बगाई लग्या जस्तो भै नजरले देखिया सम्म गई अधिक तागत भया पछी पौरी खेली पार लाग्नु भयो. ———————— ३

## पहिला नेकीको चौथो काम.

श्री ५ महाराजाधिराजबाट लगनटोलका इनारमा फाल हाल भनी हुकुम हुंदा इनारमा फाल हाली फेरी इनारबाट माथी चढी आउंनु भयो ———————— ४

## पहिला नेकीको पांचौं काम.

काठमाडौं शहर झोंछेटोलमा नेवारका घरमा आयाका घुच्ची बाघलाई आफ्ना हातले पक्री बाघलाई बांधी जमामर्दी गर्नु भयो. ———————— ५

## पहिला नेकीको छैठौं काम.

जंगलमा सिकार खेल्न जांदा गैंडाका बच्चामाथि घोडा चढी गैंडाका बच्चा पक्री त्याई जमामर्दी गर्नुभयो ६

## पहिला नेकीको सातौं काम.

जंगलमा सिकार खेल्न जांदा एकै दिनमा चार गैंडा मारी जमामर्दी गर्नु भयो ——— ७

## पहिला नेकीको आठौं काम.

जंगलमा सिकार खेल्न जांदा अघीपछी कैएक पाट्या बाघ मारी बक्सनु हुन्थ्यो. एकै जगामा पाट्या बाघ ५ र १ जगामा पाट्या बाघ १ जम्मा बाघ ६ एकै दिनमा मारी जमामर्दी गर्नु भयो. ८

## पहिला नेकीको नवौं काम.

हात्ती खेदामा जंगी खेदा गरी आफु समेत हात्ती चढी कैएक मत्ता हात्ती साहान पक्री बक्सनु भयो. एकै दिनमा मत्ता हात्ती ३ पक्री जमामर्दी गर्नु भयो. ——— ९

## पहिला नेकीको दशौं काम.

हिन्दुस्थान तर्फबाट सवारी फिर्दा अली गोविन्द गञ्जदेखी घोडामा सवार भै एकैदिनमा १० घडी बांकी नेपाल आई पुगनु भयो. ——— १०

## पहिला नेकीको एघारौं काम.

घोडामा सवारी गरी बक्सनु हुंदा बाटोमा चिप्ली ठक्कर खाई घोडा चौरंग भै कैएक बरवत लोट्दा पनी घोडा एक तर्फ लोट्न्या आफु एकतर्फ खडा भै रहन्या घोडा चढ्न्यामा पनी सवारी हेरू पीठमा अड्न न सकन्या घोडामा सवारी गरी बक्सनु हुन्छ ——— ११

## पहिला नेकीको बा-हौं काम.

बन्दुक तमेन्चाको निसाना मार्नलाई र कुस्ती लकडी पौरनामा समेत इलममा पार हुनु भयाको ——— १२

पहिला नेकीको तेन्हौं काम.

आफैं मत्ता हातीका रागमा सवार भै वनैत्रा मत्ता हात्तीसीत लडाई हुनाई वनैत्रा मत्ता हात्तीलाई पक्रनु भयो —— १३

पहिला नेकीको चौधौं काम.

९६ सालमा मोरङ तर्फ सिकार खेल्न जांदा माडीका गाउँमा मत्ता अरनाले विघुत गऱ्याको रहेछ र १० गोली हानीकन पनी नलोटी जहां हात्ती जान्छ उस तर्फ हात्तीलाई छुटन्या भयाका अरनालाई गोली सकिंदा हात्तीवाट वली हात्ती एक तर्फ देखाई आलीको आड गरी पछाडी ढोड नसामा खुकुरीले हानी अरनालाई लोटाउनु भयो. —— १४

दोश्रो नेकीको पहिलो काम.

घमानसिङ् रानालाई एकसूर्ज वैद्यले औषधि भनी विष खुवाई माऱ्या भनी मिष्टर जनरल मातवरसिङ् थापाले श्री महाराजका हजुरमा विन्ती पार्दा श्री ३ महाराज जंगबहादुर राणावाट एकसूर्ज वैद्यले घमानसिङ् रानालाई किन विष खुवाउंथ्या १ भन्दा हो भनी कायलनामा लेखी सक्यो तं यस्तो कुरा गर्न्या भनी छेड छाड गरी मिनिष्टर मजकुरले भन्या —— १

दोश्रो नेकीको दोश्रो काम.

गोरखपुरवाट जनरल मातवरसिङ् थापा नेपाल आई उनका दुस्मन कालापांडे हरूलाई गिरफ गरी मार्नाको मतलव गरी श्री ३ महाराज संग सल्लाह गर्दा श्री ३ महाराजवाट जानत भ[ई] सवै कुराले मद्दत गर्नुभयो. मिष्टर जनरल भया पछी मिनिष्[टर] मातवरसिङ् थापाले कुकुवा वास पर्व उठाउंदा पनी श्री ३ महाराज[बाट] सरव माफिक मद्दत गरी मिनिष्टरका मतलव वमोजीम उनका इरादा माफिक काम हुंदा श्री ३ महाराजदेखी खुसी भै मिनिष्टर मातवरसिङ् थापाले जो मेरा भाई भतीजाको दर्जा होला जनरल भयौ सो वमोजीम शरवुला भनी श्री ३ महाराजलाई जवान दियाका थिया र तिलाविक्रमसिङ् थापालाई सेर सवुज पल्टन तैनाथ दिई पाल्पा अड्डा पठाउंदा मलाई पनी यसो यसो आज्ञा भयाको हो. मैंले पनी भाई वमोजीम तैनाथ पाउंने हूं भनी भन्दा मेरा दम छन्ज्याल पल्टनको तैनाथ कोही पाउंदैन. मेरा दमको ताके मेरा दम पछी पनी पल्टन तैनाथ पाउंला भनी मनसुवा नगर भनी जवाफ गऱ्या. —— २

## दोश्रो नेकीको तेश्रो काम.

श्री कान्छा महारानी गगनसिङ् संग लिगयाको कुरा सारा दुनिआलाई थाहा भयाको कसैले बोल्न नसकी रह्यामा श्री ५ बडा महारानीका आश्रय पाई देवीवहादुर कुवर राणाले सोही कुरा बोल्दा आफू वजीर भै राजाको भात पानीमा बोल्याको विचार विवेक नगरी इनसाफ न दिई आफ्ना मानिज देवीवहादुर कुवर राणालाई कटाया र तिन्लाई स्याई शंखमूलमा सती पनी गइन्. जलाउँन लाग्याका बेलामा चितावाट सिर खस्याको देखी मनमा वहुत दिग्दारी गरी सबै भाईकासामुन्ने वीच वागमतीमा गै मेरा भाई देवीवहादुर कुवर राणाका सिर जसले लियो उसको सिर मैले पनी लिउँला. सिर लिन सकिन भन्या वागमती गंगाले मलाई वढिया न गरुन् भनी वागमतीको जल हातमा उठाई श्री ३ महाराजवाट प्रतिज्ञा गर्नु भयो. ——— ३

## दोश्रो नेकीको चौथो काम.

श्री ५ महाराजाधिराजवाट दुनिआदार भारादार ब्राह्मण जाति हेरुलाई धेरै कुरावाट जुलुम गर्दा सबै दुनिआ मुखत्यार भारादार, पल्टन गैन्ह टुंडीखेलमा बसी कौसल गरी वालककालमा हामीले नजानी यस्तो जुलुम गर्दा पनी तिमिहेरुले किन सम्झायेनौ? भनी पछी श्री ५ महाराजाधिराज जानकार भै वक्स्या पछी हुकुम भै वक्स्यामा हामीले क्या विन्ती गरौंला भनी कौसलमा ठहर्दा वेराहाको हुकुम न मान्नू भनी मुखत्यार भै भारादार पल्टन गैन्हले सही गर्याकोमा मिनिष्टर जनरल मातवरसिङ् थापाले श्री ५ महाराजाधिराजका हुकुम न मान्नू भनी मुखत्यार भै भारादार हेरुले सही छाप गर्याका मुद्दामा तिमीले सबै भारादार जम्मा गरी यो कुरा हामीले गर्न जानिन भंन्या कायलनामा लेखाई ल्याऊ र काट्न्यालाई काटूँला राख्न्यालाई राखूँला भनी भन्दा मेरो पनी सही छाप पर्याको छ भनी श्री ३ महाराजवाट भन्दा तिमीलाई मरवाउला भनी जनरल मजकुरले भन्दा यो कायलनामा भया पछी मेरा ज्यू धनको खुसी इनका हातमा भयो भनी संघी गैन्ह भारादारलाई जम्मा गरी कुमारीचोकमा कचहरी हुंदा यस मुद्दामा कोई भारादारले पनी बोल्न न सक्दा जो भयाको विस्तार सबै कचहरीमा बोलीयो, कुरा हामीले गर्नै जान्याको छ. हाम्रा कुरामा सही गर्छौ भन्या हामी बोल्छौं; हामी पछी

लाग. होइन भने तिमीहरू बोल. हामी तिमीहेरूको पछी लाग्छौं भनी सबै भारादारहरूले मैंले बोल्याका कुरामा मंजूर गराई जनरल मजकुरका घरमा गई उनका सामुन्ने पनी कोई भारादारले बोल्न न सक्दा सोही कुराको विस्तार श्री ३ महाराज बाट गर्नु हुंदा श्री ३ महाराजलाई धेरै कुराको छेडछाड़ गरी रिसाई पल्टनलाई के भनी बुझाउंछौ ? फत्तेजङ्ग साहका पाला का मानिस छैनन् भनी भन्दा पल्टनका गुठ खान्या निसानहरूले पनी सही गर्याको छ. पल्टनलाई पनी बुझाउंला. श्री ५ महाराजाधिराजका हजुरमा के भनी बुझाउंछौ ? जाऊ बुझाऊ भनी भन्दा बेस वहांका हजुरमा गई बुझाउंछौं भनी सबै भारादारहरूली दरबार आई श्री ५ महाराजाधिराजका हजुरमा विन्ती गरी बक्सायाको ———————— ४

## दोस्रो नेकीको पांचौं काम.

माथी लेखिएका मुधामा मिनिष्टर जनरल मातवर सिंङ्ग थापा संग इवी पर्याको हुनाले श्री ५ महाराज राजेन्द्र विक्रम साहने तिमीलाई मार्न तयार छन्. न मारी राख्न्या छैनन्. तिमी यहाँ न बस. भाग. भनी न भयाको झुठो कुरा भन्दा यहाँ जस्तो मामा हुनु हुन्छ भन्या बिरायाको भया पनी मर्न्या छैन. भन्या पछी न बिरायाका कुरामा कसो गरी मरौंला भनी श्री ३ महाराजबाट भन्नु हुंदा श्री राजेन्द्र विक्रम साहका हुकुममा रणउज्ज्वलको टाउको ल्याउंनु भन्या पनी लैजान्या छु भन्या अरूको के कुरा ! भनी मिनिष्टर जनरलले भन्दा राजाले राहाको बेराहाको हुकुम जस्लाई दिया पनी हुकुम बजाउंनु कि भनी श्री ३ महाराजबाट हुकुम हुंदा राजाले दियाको हुकुम किन न बजाउंनु, बजाउनु भनी उनले भन्दा बेस यहांलाई हुकुम भयाको यहांबोट बजाउंनु होला हामीलाई हुकुम बक्स्याको हामी बजाउंला भनी मूलचोकमा जवाफ गर्नुभयो. ———————— ५

## दोस्रो नेकीको छैठौं काम.

अब मिनिष्टर मातवरसिङ्ग थापाले पायो भन्या मलाई अवश्य मार्न्या रहेछन् भनी मनमा निश्चय भयाका बेलामा अघी बागमती शंखमूलमा पनी बागमतीको जल उठाई प्रतिज्ञा गर्याको, तसै बीचमा श्री कान्छा महारानीबाट मिनिष्टर जनरलले हामीलाई बेइज्जत पनी गर्यो. कुनै कुराको मर्यादा पनी राखेन. १६ जना मानिस धुबासमा मार्या ज्यानको बदला ज्यान लिनु पर्छ. तिमीले निजजनरललाई मार भनी हुकुम हुंदा हजुरबाट हुकुम भै मुरख्याहरूलाई

मार्दिन. श्री ५ महाराजबाट हुकुम हुन्छ भन्या मात्र हुकुम बजाउँला भनी श्री ३ महाराजबाट विन्ती गर्नु हुँदा श्री ५ महाराज राजेन्द्र विक्रम साह, श्री कान्छा महारानी दुवै राज भै धर्मशास्त्रमा "राजाको हुकुमले गर्‍याको कौनै काममा पनी पाप लाग्दैन" भनी धर्मशास्त्रमा भन्याको छ भनी पुस्तकको पत्रा पढी देखाई सुनाउंदा र मेरा हुकुमले तेरा मामालाई मार्‍याको पाप तंलाईलाग्दैन. पाप मलाई लाग्छ भनी हुकुम हुंदा पल्टन का बीचमा मार्छू भनी विन्ती गर्दा पल्टन का बीचमा हुंदैन. तेसो भया मेरा छोरा छोरीलाई मार्नेन्, खोपीमै मार्नू भनी खुकुरी समेत बक्सनु हुंदा हुकुम बमोजीम मार्नु भयो ———————————— ६

तेश्रो नेकीको पाहिलो काम.

अघीका मुखत्यार, भारादार, श्री कान्छा महारानी मिली श्री ५ महाराजाधिराजलाई धुनी प्वालबाट खाने कुरा दिई कैद गरी राखून तैयार हुंदा श्री ३ महाराजबाट बचायाको —— १

तेश्रो नेकीको दोश्रो काम.

आफना गाथ सन्बन्ध पर्‍या मत्ता हात्तीको नजीकमा जान्या खोपी खोपी बैठक बैठकमा आगो लाउंन्या बेकसूरमा आफना रानीलाई कुटी रक्तपक्ष गर्‍या, पोली दिन्या, इनार पोखरीमा हालन्या, अनाथ बाहिनीहरूलाई पनी हात्तीका पाउमा हाली देऊ भनी सोही माफिक गर्‍या भाईलाई पनी हात्तीका पाउमा हाल्छू भनी कुटी पिटी सास्ति सासना गर्‍या, ब्राह्मणलाई पनी गाला कोरी पाता फर्काई बांधी, जनै भुँडाली, लात खांदी, छुरीले हात रेटी, रक्सी खन्याई बत्ती आंगमा राखी, सल्काई दिन्या, गलफन्दी हालन्या, ब्राह्मण गुरू प्रोहित भै याद, मुखतियार, भैभारादार, फकीर, सिपाही, मित्रका मान्सा ब्राह्मणी, धाई, ढाब्या, मुसाब्या, प्रजा, प्राणी भित्रिया, बाहिरिया, गै-ह लाई बेकसूरमा गाला कोरी, लात खांदी, कोर्रा ठोकी, नेल-गलफन्दी हाली, अदालत र हातीसारमा खान पिन न दिई थुन्न्या, भारादारका छोरालाई खुट्टामा डोरीले बांधी हात्तीका पाउमा बांधी भैंचम्पा सल्काई घिस्याउन्या, हात्ती र खमारीबाट र छानाबाट फाल हल्न लाउन्या, तरवार, छुरी, घन, दारूवा, स्याडीले लोगन्या, स्वास्नीको पनी विवेक न राखी तरवारले हानी रक्तपक्ष गर्‍या,

इनार, पोखरी, नदीमा हालनाले र सराफ ज्यादा खुवाउनाले
सानु सुसाऱ्या पनी मरी जोगी, नेवार पनी मऱ्या. धाई पनी
मरी. श्री ५ बुढा महाराजलाई पनी हात मुख छोडी नेल
ल्याओ हाल्दू भनी हुकुम हुन्या, दाउराले कुट्न्या, साना
साना कुरामा अंग्रेजका छाउनीमा, आफ्ना मानको हलुका
गरी कुवखतमा चमक पाऱ्या, कुयाममा औलामा सवारी
गर्नाले रैतीहरूका स्वास्नी पक्री ल्याउंनाले गैन्ह सबै नाराज
भयाका थिया. यस्ता यस्ता बेरित भयाको कुवेसन सबै
छुटाई इज्जत संग श्री ५ महाराजाधिराजालाई राहा रीतपूर्वक
गद्दीमा राज गराउंनुभयो. ———————— २

## तेश्रो नेकीको तेश्रोकाम.

श्री ५ महाराजाधिराज राजेन्द्र विक्रम साह बाट राजकाज
को हुकुम श्रीकान्छा महारानीलाई बक्सनु भयाको थियो.
उस बखतमा मुखत्यार, चौतरिया, फत्तेजङ्ग साह, जनरल जङ्ग बहादुर कुवर,
जनरल गगनसिङ्, जनरल ऐमान राना, ई चार जना भई
कामकाज गर्न लाग्याका थिया. तैस्तै बीचमा १९०३ साल
आश्विन वदी ९ रोजका राती जनरल गगनसिङ्लाई दगागरी
छानाबाट लास झाले बन्दुकले मार्दा यो कुरो उस बखत श्री
माहिला साहेबज्यूका हुकुमले रनधोज दहाले अऱ्हाई श्री ५
सरकारमा जाहेर भयेछ र श्री ५ महाराज राजेन्द्र विक्रम साह,
श्री कान्छा महारानी कोतमा पाव लागनु भै बेगुल लगाई
भारादार कंपू सामेल गराई राज भयाको रहेछ. उसै बखतमा
श्री ३ महाराज जङ्ग बहादुर कुँवर वहां पुगनु हुंदा जनरल गगन
सिङ्लाई दगा गरि मार्न्या खोज भनी हुकुम भयेछ र सबै
भारादार बसी कंपूका कालम भित्र बीरकेसर पांडे हरू गैन्ह
संग कुराको सोधनी हुन लाग्याको थियो, तस्तै बीचमा श्री
कान्छा महारानी कोत सीसमहलका ढेडी तर्फ पाव लागनु भै
चौतरिया फत्ते जङ्ग साह, जनरल जङ्ग बहादुर कुवर, जनरल
ऐमान राना लाई हुकुम हुन्छ भनी भित्र डाकी लैजांदा ऐमान

रानालाई मारी मुखत्यारी चौतरिया फत्तेजङ्ग साहलाई दर्शन गराई दुई जना मिली कामकाज गरौं भनी श्री ३ महाराज जङ्ग बहादुर कुवरबाट इरादा गरी ऐमानरानालाई पक्रँदा निज चौतरियाका छोरा खड्गविक्रमसाहले श्री ३ महाराजका भाईहरू माथी तरवार चलाउँदा श्री ३ महाराजका भाईबाट खड्गविक्रमसाहलाई तरवार चलाई मार्दा दंगा उठ्यो र गैह्र भारादारहरू संग दुस्मनै पर्न जाँदा तेस ठाउँमा श्री ३ महाराजका भाई र निज तर्फका मानिसहरूले गैह्र भारादारलाई तेस ठाउँमा कत्तल गरी श्री ३ महाराजबाट जमामर्दी गरी प्राइमिनिष्टरीमान दर्शन गर्नु भयो. ——— ३

तेश्रो नेकीको चौथो काम.

श्रीकान्छा महारानीबाट श्री ५ महाराजाधिराज, श्रीमाहिला साहेबज्यूको नाथ बिगारी श्रीसाहिला साहेबज्यूलाई गादीमा राख्नु भनी श्री ३ महाराजलाई हुकम हुँदा यो कुरा गर्न ता बाढिया हैन. येस्तो कुरा बेमुनासीब ठहर्दछ भनी श्री ३ महाराजबाट बिन्ती पारी थामदा श्री ३ महाराज र निजका भाईहरूलाई बाहेक गरी काजी बिरुधोज बस्न्यात सर्दार दलमर्दन थापा गैह्र श्रीकान्छा महारानी तर्फका भारादारहरूबाट यो कामको दगा गराउनाको मतलब गर्‍याको श्री ३ महाराज र निजका भाईहरूलाई थाहा हुंदा दगाको मतलब गर्न्या भारादारहरूलाई भंडारखालमा कत्तल गरी श्री ५ सरकारहरूका नाथ बचाई इज्जत सित राखी श्रीकान्छा महारानीलाई गिरफ्दार गर्नुभयाको. ——— ४

तेश्रो नेकीको पाचौं काम.

श्री ५ महाराजाधिराज, श्रीमाहिला साहेबज्यूका नाथ बिगारी श्री ३ महाराज र भाई समेतलाई पनी बिगार्नको मतलब गर्‍याको प्रकाश हुंदा गिरफ्दार गरी राख्याको थियो. श्री ३ महाराजबाट दया गरी १५ लाख रुपैंञा खर्च दी श्रीकान्छा महारानीलाई इज्जत संग काशीमा राखिदिनुभयो. ——— ५

तेश्रो नेकीको छैटौं काम.

श्रीकान्छा महारानी काशीमा रहंदा दलबहादुर थापाले बद फैली काम गरी दौलथ धेरै खराब गर्दा श्रीमाहिला साहेबज्यू, श्रीकाहिला साहेबज्यू येस बखतमा बालख हुनुहुन्छ मैले बिचार नगर्‍या पछी खराब होला भनी श्री ३ महाराजबाट अंग्रेज संग दरखास्त गरी कंपनीमा रुपैंञा जमा गराई सालबसाल ब्याज बढाले खर्च गर्नाको बन्दोबस्त बाँधी दलबहादुर थापालाई काशी सहर देखी निकाला गराई येस्तो विवेक सैती बंदोबस्त गरी दिनुभयो. ——— ६

## चौथो नेकीको पैह्लो काम.

श्री ५ महाराज राजेन्द्रविक्रम साहवाट श्रीकाशीस्नान गरी आउंछु भनी हुकुम हुंदा गद्दीका मालिकराजाले गद्दी छोडी पाव लाग्नु मुनासीव पर्दैन भनी श्री ३ महाराजवाट धेरै वेहोरा संग विंती पार्दा नमानी जिद्दी गरी दुवै माहिना भित्र आईपुग्छु मैलो भित्र आई पुगेन भन्या श्रीनाती महाराजधिराजलाई गादीमा राखी उनको हुकुम लि तिमिले काम काज गर्नु भनी हुकुम वक्सी श्री काशी पावलाग्नुभयो. उस वखतमा निजी चढापाको भानीवक्सनुभयेन. विराना मुलुक (देश) मा इज्जत पालन हुदैन भनी जोचाहिंयाको खर्च वर्च रुपैञा पैसाको वन्दोवस्त वांधी आफ्ना भाई भरभारादार पहरा चौकीलाई चाहिन्या पगरी हुद्दा सिपाही पाव रखवारी खटाई इज्जत साथ वन्दोवस्त गरी दिनु हुंदा १९०३ सालको मंसिर मैहृामा श्री ५ महाराज राजेन्द्रविक्रम साह काशी पावलाग्नुभो. १

## चौथो नेकीको दोश्रो काम.

काशी पाव लाग्नु हुंदा वाटैदेखी श्री ३ महाराजका दुस्मन भयाका मधेसमा रह्याका भारादारहरु संग मिलि दगागर्नाको अनेक तरहको मतलव गरी काशी पुगी मधेसमा रह्याका भारादार सबै साथमा ली सुगौलीमा अड्डा गरी राज हुंदा पाव रखवारी गया का भाई जनरल खड्गवहादुर कुवर सुगौलीवाट सवारी छोडी नेपाल आई वहां भयाको विस्तार सवै जाहेर गर्दा श्री ३ महाराजका भाई समेतलाई विगार्नाको मतलव निश्चय गर्याको थाह हुंदा अघी पनी दुवै मैहृा भित्र फिर्छु भनी पाव लाग्नु भयाको, पाइ मैहृा सैम फिर्नु नभै सुगौलीमा वसी फौज जमाग्याको थाहा हुंदा १९०४ साल ज्येष्ठ शुदी १३ रोज ४ का दिन श्री ५ महाराजाधिराज सुरेन्द्र विक्रम साहलाई गादीमा राज गराई वहांको हुकुम ली काज चलाउनु भयो. २

## चौथो नेकीको तेश्रो काम.

आफूले छोरालाई हुकुम दी गादी छोडी विराना मुलुकमा गै हुकुम देखी खारेज भयाका श्री ५ महाराज राजेन्द्रविक्रम साह

वाट श्री ३ महाराजका दुस्मनी पर्याका मधेसमा रह्याका भारा-
दारहरूलाई ली पगरी हुदा सिपाही जमा गरी खजाना हतियार तयार
गरी सुगौलीवाट अलौमा पाउ लाग्न भै मालकचहरी लुटी श्री ५
महाराजाधिराजका सलतनत बिगारी नेपाल हीन्याको मतलव गर्दा
अलौमा पल्टन पठाई दुस्मनहरूलाई अलौमा कत्ल गराई निमक
सैही श्री ५ महाराज राजेन्द्रविक्रम साहका गाथ वचाई इज्जत सँग नेपाल
माल्लाई चारो खुटमा बुढा महाराजाधिराज भन्या नाउँ वलाई राज
गरायाको· ——— ३

## पांचौं नेकीको पैहलो काम·

श्री माहिला साहेवज्यूले र माई मिली श्री ३ महाराजका ज्यान सम-
वन्धीको मतलवमा लाग्याको जाहेर हुंदा श्री ५ महाराजाधिराज वाट
ई मतलव गर्न्याहरूलाई मार्नु भनी फौजलाई हुकुम वक्सदा तीनीहरू
को ज्यान वचाई नेपालका रजिडेंट साहेव संग दरखास्त गरी अंग्रेज
छुटाउनाका निमित्त ५ वर्ष सैम प्रियाग फिदआमा कैद गराई इज्जत
संग राखी फेरी दया सैही श्री माहिला साहेवज्यू र माईलाई नेपालमा
झिकाई रोल वमोजिमको मान दी इज्जत संग राख्याको· ——— १

## पाचौं नेकीको दोश्रो काम·

श्री माहिला साहेवज्यूवाट केही वर्ष नेपाल वसी अव म काशी
जान्छु भनी मर्जी हुंदा हजुरको वीर्ता हुंदैछ फेरी ४० हजारको जागीर
वक्साई दिन्छु नेपालमा वस्नु हवस काशी नजानु हवस भनी अनेक तरह
संग सैझाउदा पनी नमानी श्री माहिला साहेवज्यूवाट काशी गै वस्तछु भनी
मर्जी हुंदा नीजका वीर्ता थामी नीजका १ छोरालाई चौतरीयै,
एक छोरालाई कजाई दर्शन गराई नेपालमा थामी सालवसाल
वर्षासनको वंदोवस्त वांधी श्री माहिला साहेवज्यूलाई इज्जत साथ
काशीमा पठाउन भयाको· ——— ——— २

## छैटौं नेकीको पैहलो काम·

नेपालका अघीअघीका मुखतियारहरू नेपाल छोडी
कहीं जान सक्तैन थ्या· श्री ३ महाराजवाट मुखतियारी काम
भाईहरूलाई गर्न लगाई आफूले वेलायेत पनी पुग्नुभयो· वरवा
वरवतमा ४ धाम अनेक तरहको तीर्थ पनी गर्नुभयो· आफ्ना मुलुक
महाकालीदेखी पूर्व मेची पाश्चिम नेपाल पाहाड मधेसमा
सालवसाल कैले पूर्व तर्फ, कैले पाश्चिम तर्फ, कैले दाक्षिण तर्फ
कैले उत्तर तर्फ सिकार खेलन जानु भै गाउं गाउं जंगल जंगल सवै
हेरी येस ठाउंमा यो चलन रहेछ· यो विवहार रहेछ यस्ता मानिस

हुदा रह्याछ र भन्या सबै काम कराको याद गरी फेरी नेपाल फर्की आई आफ्ना मुख्तीयारी काम आफैले चलाई घा घरसार लायक टक थिति रीतीको सबै बंदोवस्त गरी यस्तो ज्मामर्द काम गर्नु हुन्या १

छैटौं नेकीको दोश्रो काम.

श्री ३ महाराज राणा जी.सी.बी. प्राइमिनिष्टर याण्ड कम्यांडर इन चीफवाट वजीरी काम काज गर्नु हुंदा गोर्खा-दर्वार फौज रैत छोटा वडाको चलन व्यवहार ओस्ता निसाफ हरू सबै कराको राम्रो वन्दोवस्त चल्याको नदेखदा मैले येत्रो वजीरी पाया पछी योटा आइन् वन्दोवस्त गर्नुपर्न्या हो. आइन वन्दोवस्त भया श्री ५ सरकारको नीति पूर्वक ओदानी पनी हुंदो हो. थिती वंदोवस्त पनी चली मुलुक मुलुकमा पनी नेक नामी रहली. आइन वन्दोवस्त भया छोटावडा सबैलाई आराम सुविस्ता होला भन्या मनमा ली जंगी मुलुकी सबै कामकाजको आइन् तवारीखको किताप वनाउनालाई दरुविन्त गर्नु भयो. ——— २

छैटौं नेकीको तेश्रो काम.

आफ्ना मुलुकका जगा जगाका कामकाजको कागज पत्र लिखाई जातजातका रीत वुझी ओर वजाउन र मुलुकका आम्दानी खर्च फौज रैयतका गिंती हिसाव गैह्रका ज्माखर्चको किताव वनाउनाको सरूह गर्नु भै केही तयार गर्नु भयाको थियो. तसैवीचमा इंगलिसस्तानका वादसाहको आइन दस्तुर फौजको जीलो हिकमत साहेवान हरूका जवानी सुन्दा एकफेरा ईंगलिस्तान पुग्नु पाया व्रिटिश सर्कारको र गोर्खा सर्कारको दोस्ती पनी वहुतै मजगुत होला. गोर्खा सर्कारको खलीता कलकत्ताका लाट साहेव साहेव संग मात्र जान्थ्यो. म ईंगलिस्तान गै कुईन संग भेट मुलाकात गरी वातचीत हुन पाया सबै कराको वंदोवस्त हुंदो हो. भनी वेलायत गै गोर्खा सर्कारको खलिता ई कुईन संग र कुईनको खलिता गोर्खा सर्कारमा चलाई आफु खलिता समेत वेलायता कुईन संग जान्या आउन्या गरी मजगुत संग दोस्ती वनायाको. ——— ३

छैटौं नेकीको चौथो काम.

श्री ३ महाराजवाट श्री ५ गोर्खा महाराजाधिराजवाट जान्या खलीता ली १९०६ साल माघ शुदी १ रोज २ का दिन श्री ५ सर्कारमा विदा भै

वेलायत जान रवाना भै जांदा पटना दानापुर छाउनी दाखिल भै साहेवान हरु संग मुलाकात हुंदा बह्लौ खातीर गरी १९ तोपको सलामी दिया. वहां देखी धुवांकसमा सवारी गरी कलकत्ता पुगी लाट साहेव र अरु साहेबान हरु संग भेटमुलाकात हुंदा वडो इज्जत आदर गरी १९ तोपको सलामी दी वेलायत सम्म पुग्नालाई धुवांकसको भाडा सत्री हजार दी साथमा जान्या कप्तान केवरनर साहेव मोकरर भयाका समेत कलकत्तावाट धुवांकसमा सवारी भै जान भै अड्डाअड्डामा दस्तुर वमोजिम तोपको सलामी र खातीर गर्‍या. येही रीत संग कुईन संग मुलाकात हुंदा आफैं उनी सेकेनहान्ड गरी कुर्सीमा वसाई खातीर गर्‍या. येती गरी केही दिन वेलायतमा वसी कुईनको खलीता ली रुखसत भै फरान्सिस गै फरान्सिसको येंपरा संग मुलाकात गरी भारी फौजको कवायेत हेरी रामनाथ द्वारिकानाथ हरु ठाउं ठाउंका धामको दर्शन गरी नेपाल फिर्ता भयो. ———————— ४

## छैटौं नेकीको पांचौं काम.

अघी वृटिश सरकारका अमल्दारीका खुनवाला डांकु गोर्खा सर्कारका पानीमा आयाकालाई सपुर्द हुन्थ्यो. गोर्खा सर्कार तर्फका खुनवाला डांकु वृटिश सर्कारका अमल्दारीमा गयाका हाम्रो गोर्खा सर्कारमा सपुर्द हुदैनथ्यो. अव दुवै सर्कारवाट वरावर सपुर्द हुन्या वंदोवस्त वांधी वृटिश सर्कार संग नयां अहद गर्नु भयाको. ———————— ५

## छैटौं नेकीको छैटौं काम.

मधेसमा रह्याका नेपाली भारादारहरुले श्री ३ महाराजलाई दगा गर्न शत्रु केरा मानिस पठाया र यो कुरो जाहेर हुंदा ती आयाका मानिसलाई पक्री कायेल मुकायेल गरी मार्‍या. वहां पछी येसै भयो भन्या एकदिन नहि एकदिन म दगामा पर्न्या छुं. कुत्ताका हातवाट मर्नु चांहि सेरका हातवाट मरौंला. तिम्रा अमलदारीमा गै मेरा दुस्मन हरु सवैलाई मारुंला. तिम्रा रैतहरु लाई केही गर्न्या छैनौं. येस कुरामा वृटिश सरकारवाट म संग नाराज भै लड्या भन्या सेरका हातवाट मर्नामा कवुल छ. म भन्या रोज व रोज वृटिश सर्कार संग दोस्ती वढोस भन्न्या मेरो ईरादा छ. दोस्तका अमल्दारीमा रहन्या हरुवाट म माथी वरावर दगा गर्न्या येस कुरामा वंदोवस्त गरिदिन्छौ भन्या गरी देऊ. होइन भन्या मेरा तजवीजमा जो आउंछ सो गरौंला भनी रजीडेंट साहेव संग दरखास्त गर्दा वाढिया. येस कुराको वंदोवस्त गरौंला भनी मोतीहारीमा भारादारहरु सवै जमा गराई अव उप्रान्त नेपालमा दगा गर्न पठाउन्या छैनौं. पठायौं भन्या हामीलाई कैद गर्नु भन्या मुद्दाको मुचुल्का लेखाउन लायाको. ———————— ६

## सातौं नेकीको पैह्लो काम.

श्री ३ महाराजका पुरखा अघी गढ चितवरका राणा हुन्. पछी कास्कीमा आई वस्दा क्षेत्री हरु संग वेहावरी हुंदा केही पुस्ता कुंवर पद हुन गयाको रहेछ. पछी यो कुरा श्री ५ सर्कारमा जाहेर गरी अघीको 'राणा' पद वक्सई लिनु भयो. —— —— —— —— —— —— १

## सातौं नेकीको दोश्रो काम.

अघी श्री ५ वुढा महाराजावाट जंगी मुलुकी निजामती कामकाज पर पजनी ज्यान मार्ना सम्मको अखतियारी श्रीकांछा महारानीलाई वक्सनु हुंदा उमराउ भारादार हरुलाई मारी आफ्ना छोरालाई गद्दीमा राख्न्या खवा मा उनका मतलवका मानिस हरुलाई मारी श्री ५ महाराजाधिराज लाई गद्दीमा राज गराया को रीज १, वेलायेती कुईन संग खलीता जान्या आउन्या गरी दोस्ती वढाया को रीज १, चीन वादसाहा को वल देखाई भोटले नेपाल लाई दवाई राख्याको मा भोट संग लडाई गरी उनले लिन्या जगात महसुल छुटाई भोटले साल वसाल १० हजार रुपैया नेपाल सर्कारमा सिर्तो तिर्नु भन्या गैह्र १० मुद्दाको हद गर्‍याको रीज १, श्री ५ वुढा महाराज वाट श्री ३ महाराज लाई दगा गरी मार्नु भनी सुगौलीवाट फौजली अलौ सम्म पाव लागउ हुंदा फौज लाई कतल पारी श्री ५ वुढा महाराजका गाथ वचाई इज्जत संग राख्या को रीह १, श्री माहिला साहेवज्यूले श्री ३ महाराजाका ज्यान सम्बन्धी मा लाग्दा भाईलाई मार्नु भनी श्री ५ महाराजाधिराज वाट हुकुम दिंदा श्री माहिला साहेवज्यूको ज्यान वचाई औंला छुटाउन ५ वर्ष कैद राखी ईजात
उमराउ फौज रैतले इजात दंगा नगराई निसाफ गरी राजी राख्याको रीह १,
संग राख्याको रीह १, लुब्बा छांटले दवाई खायाको र वढन्या ठाउंमा वढा औदानी ठिकी कुकटी वढाई किफायेतले फौज वढायाको रीह १, येसा येसा खरखाही गरी श्री ५ महाराजाधिराजको मान मरातव वढायाको देखता कास्की भर अम्वल १, लमजुं भर अम्वल १, को 'श्री ३ महाराज' को खिताव वक्सनु भयो. —— —— —— —— —— —— २

## सातौं नेकीको तेश्रो काम.

श्री ५ महाराजाधिराज, श्री ५ वुढा महाराजाधिराज वाट अघी हाम्रा छोरी वेटी साना दर्जाकालाई दिंदा सुमर्न पनी नसकन्या, हलुकाई पनी हुन्या, अव र तिमीहरुको अघीको 'राणा' पद पनी सच्याई वक्स्याको छ. वरावरी भया पछी हाम्रा छोरी तिम्रा घरमा, तिम्रा छोरी हाम्रा घरमा विहावरी गर्नु भनी हुकुम हुंदा दोहरी भात भान्सा नभया

विहावरी गर्दिन भनी बिन्ती गर्दा हुंदा आफ्ना खुसीले भात खान्छौं भनी लाल-
मोहर गरी बक्सनु हुंदा दोहोरो विहावारी चलाउनु भयाको हो ——— ३

सातौं नेकीको चौथो काम

येत्रो वजीरी काम मैले पायाको छ. मेरा सेव पछीलाई रोलको ठेगाना भया
वाछिपा होला भन्या ठहराई पैले रोल श्री ३ महाराज जङ्ग वहादुर राणा
जी. सी. वी. प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफ्, दोश्रो रोल श्री कम्यो-
डर इनचीफ् जनरल कृष्णवहादुर कुवर राणा, तेओ रोल कम्यांडर इन चीफ्
जनरल रणउद्दीपसिंह कुवर राणा, चौथो रोल श्रीकम्यांडिङ् जनरल जगत-
शेशेर जङ्ग कुवर राणा, पाचौं रोल श्रीकम्यांडिङ् जनरल धीरशेशेर जङ्ग
कुवर राणा, छैटौं रोल श्रीजनरल जगतजङ्ग वहादुर कुवर राणा, सातौं रोल
श्रीजनरल जीतजङ्ग वहादुर कुवर राणा, आठौं रोल श्रीजनरल श्रीजनरल
पद्माजङ्ग वहादुर राणा, नवौं रोल श्री ३ महाराजाका विवाहिता पत्नीको
छोरां छन्‌ज्याल उनैको, वांहा पछी श्रीलेफ्टेन जनरल ववर जङ्ग वहादुर कुवर
राणा, वाहां पछी श्रीलेफ्टेन जनरल रणवीर जङ्ग वहादुर कुवर राणा,
वहांपछी मेजर जनरल भीमजङ्ग वहादुर कुवर राणा, वाहांपछी प्राइम्मि-
निष्टर याण्ड कम्याण्डर इन चीफ् जनरल वैवाहादुर कुवर राणाका विवा-
हिता पत्नीका छोरा, वाहां पछी श्रीकम्यांडिङ् जनरल वद्रीनरसिंह कुवर
राणा वहादुरका विवाहिता पत्नीका छोराहरू, वाहां पछी श्रीकम्यांडर इनचीफ्
जनरल कृष्णवहादुर कुवर राणाका विवाहिता पत्नीका छोरा, येही रीतले
अरू भाईका विवाहिता पत्नीका छोराहरू, भनी सबै भाई छोरालाई आफ्ना
इष्टदेवताका स्थानमा धर्म गरी रोल बांधी सोही बमोजिम रोल थामी बक्स्यौं
तिमीहरूका रोल बमोजीम सन्तान सन्तान सम्म श्री ३ महाराजी खिताब
प्राइम्मिनिष्टरी मान र मुखत्यारीको खोसमोस हामीले गर्‍यौं अथवा
हाम्रा सन्तानले गर्‍या भन्या पंच महापातक लागला भनी श्री ५ महाराजा-
धिराज, श्री ५ युवा महाराजाधिराज, श्री ५ वली अहद महाराजाधिराज
बाट मोहर गराई लिइ भयो. ——— ४

आठौं नेकीको पैह्लो काम

तातापानी तर्फ श्री ३ महाराजबाट सिकार खेल्न जानु हुंदा भोटले सीमाना
मिच्याको देख्दा नेपाल फर्की आई भोटलाई चिठी लेखी भोटका भारादार सीमाना
संम झिकाई नेपालका भारादार सीमाना संम पठाई दोहरो कागज पत्र गराई
भोटले मीच्याको जगा झिकी सीमाना सच्याई बक्सनु भयो. ——— १

## आठौं नेकीको दोश्रो काम.

नेपालका महाजन व्यापारीहरूले भोट ल्हासामा कोसी थापी
फेरुङ्, कुती, कुङ्गा, डिगर्चा, लचीजुं, सिकारजुं, गैन्ह भोटका मुलुकमा
बसी वेपार खेप गर्नू, भोटबाट येति जगात महसूल दिनू भनी अघी
देखीको बंदेज भयामा जगात महसूल बढाई लिई महाजन व्यापारी-
लाई कुटपीट गरी ज्यानसमेत मारी बिजाई विदुत गर्दा ल्हासाले
नेपाललाई दबाई राख्याको ठहऱ्याई गोर्खा सरकारको तरवार ठाडो
राखनु पर्छ भंन्या मनमा लिई ११ सालमा भोटसंग लडाई गर्नाको
मतलव उद्योग उठाई बक्सनु भयो, —————————— २

## आठौं नेकीको तेश्रो काम.

चीन वादसाहलाई क्वांसी उठी हुल भन्याको खवर आउंदा
वादसाहमाथी नेमकहरामी गरी हुल गर्न्यालाई हटाउंछू, ४० तोप र
१० हजार फौज ली श्री ३ महाराज जङ्ग बहादुर आउंछन् भंन्या वादसाह
लाई अर्जी जांदा अहिले आउंनु पर्दैन भनी वादसाहबाट चिट्ठी
आउंदा थामिया. यस्तो जमामर्दीको मतलव गर्न्या —————— ३

## आठौं नेकीको चौथो काम.

भोटसंग लडाई गर्न पऱ्या पछी आफनु मद्दत न पुऱ्याई लडाई
गर्नु हुंदैन भन्न्या मनमा लि पैहुे नेपालका मुलुकबाट भोट जान्या
बाटा काति रह्या छन्? भोटमा साहा वेसाहा क्या रहेछ? भोटका
मुलुकमा जगा जगामा चीनिया, भोट्या, फौज कहां कहां कतिकति
रह्याछन्? भनी जांचून लगाई कागज तयार गर्नु भयो —————— ४

## आठौं नेकीको पांचौं काम.

नेपालमा जगाजगा बाट ठाक्या झिकाई फौज जमाई तोप, बन्दुक
मेगाजिन, खर खजाना तैयार गरी मधेस पाहाड नेपालबाट रसद
को वंदोबस्त गरी भोट तर्फ जान्या बाटामा जगाजगामा रसद तैयार गर्नु भयो, ५

## आठौं नेकीको छैटौं काम.

लडाई गर्दा ऐन नभया मतलव मिल्दैन भनी फौज हिंडाउंदा
यस्ता तवर संग खजाना हिंडाउनू, यस्ता तवर संग फौज जानू,
येस तजवीज संग लडाई गर्नू, येस तजवीज संग धाइता राखनू,
येस तजवीज संग मुक्त हुन्याको काम गर्नू भंन्या ऐन बनाई
किताव लेखी आफिसरहरूलाई जनही १।१ किताव बांडी उदी
बक्सनु भयो. —————————————— ६

## आठौं नेकीको सातौं काम.

चीन वादसाहसंग सलतनत थामी अँवालाई भोटसंग लडाईं गर्नाको खुलासा चिट्ठी लेखी भोटका काजी भारादारलाई तिमीहरू संग लडाई गर्न फलाना मैनामा फौज लिई म आउंछु. सीमानामा लडाई गर्नु छ त पनी सीमाना भित्र आई लड भन्छौ त पनी तिमीहरूको खुसी भनी अघीवाटै जनाउको चिट्ठी लेखी खुलासा जमाखदी गर्नु भयो. ———————————— ७

## आठौं नेकीको आठौं काम.

वहां पछी केरुङ् तर्फ १, कुती तर्फ १, छेवर गुंवा तर्फ १, वलानचुं तर्फ १, मुस्ताङ् को वाटो १, ताकलाखास तर्फ १, येति तर्फवाट फौज रमाना गरी आफु केरुङ् तर्फ फौजका साथ गै कुङ्गा किल्ला सीम पुगी भोटलाई दवाउंदा चीनिया, अँवा र भोटका काजी सिकारजुं सम्म आई चीनिया भारादार, भोटका भारादार फुंगामा पठाई घा को वंदोवस्त माग्दा आफुले भन्या जस्तो मतलव नपुग्दा पश्चिम ताकलाखार, पूर्व छेवरगुंवा कुती तरफ फुलुङ् भैरवलङ्गुर कुङ्गाकौ भैरवलङ्गुर सीम अंवल गरी घा न दि फौज जगा जगा किल्लामा राखी आफु नेपाल आई वक्सनु भयो —— ८

## आठौं नेकीको नवौं काम.

नेपाल संग विरोध गरी भोटले थाम्न सक्तैन भन्न्या वह्न्याई ल्हासाका अँवा र भोटका भारादारहरूले चीनिया ताल्वय चीनिया भारादार गुंवा गुंवाका लामाहरू नेपालसीम पठाउंदा थापाथलीतल्ला घरमा डेरा दिई श्री ३ महाराजवाट आफु थापाथलीका ठुला वैठकमा राज भै आफ्ना भरभारादारलाई कुर्सीमा वसाली नेपालका रजिडण्ट वडा साहेव, छोटा साहेव, डाक्टर साहेव, मेमसाहेवहरूलाई वोलाई वैठक भित्र माथिल्लो सानु वैठकका थ्यालमा राखी चीनिया ताल्वय चीनिया भारादार भोटका खजांची भारादार गुंवा गुंवाका लामाहरू संग मुलाकात गर्दा २ वादसाहका वकील एकै ठाउंमा राखी भेट मुलाकात गरी यस्तो जमाखदी गर्नु भयाको ल्यायाको सौगात लीं वक्सनु भयो. ——— ९

## आठौं नेकीको दसौं काम.

श्री ५ महाराजाधिराज, श्री ५ वुढा महाराज, कुल्चे ठुला वैठकमा राज गराई आफ्ना भारादार पगरी सवै कुर्सीमा वसाई घा माग्न आउन्या चीनियां ताल्वय चीनिया भारादार भोटका भारादार गुंवा गुंवाका लामाहरूलाई लगी आफु समेत वसी श्री ५ महाराजाधिराज, श्री ५ वुढा महाराज संग मुलाकात गराई ल्यायाको सौगात चढाउन लाउनु भयो. ——— १०

## आठौं नेकीको एघारौं काम.

लडाईं न गर घा गर भनी चीनिआ ताल्वय चीनिआ भारादार भोटका भारादार गुँधा गुँधाका नामाहरूले धेरै तरह संग सम्झाउँदा वारंवार जगात महसूलमा झगडा पर्दो रहेछ. चीनीहरूले हाम्रा मुलुकका महाजन वेपारी संग जगात महसूल कहीं पनी नलिने भनी उनहरूले लिन्या जगात महसूल छुटाई आफ्ना सरकार तर्फवाट लिनू भन्या वैदेज बांधी १२ साल देखी मोहर रुपैआ १० हजार सालवसाल भोट सरकार वाट नेपाल सरकारमा सिरतो तिर्नु. १० मुद्दाको अहद गरी भोटसंग घा बंदोवस्त गरी जगा जगामा भोटका मुलुकमा रह्याका नेपालका फौज झिकाई सलतनत वांधी वक्सनु भयो ——— ११

## आठौं नेकीको बाऱ्हौं काम.

लदाकमा अघी सिखको र भोटको लडाईं हुँदा जवाहिर सिङ्लाई मारी सिखहरूलाई पक्री भोटमा लगी धेरै वखतदेखी कैद पर्‍याका रह्याछन्. नेपालले भोटलाई दवायाको छ भंन्या मुलुकमा जाहेर हुंदा महाराज गुलाफ सिङ् हाम्रा सिखहरू भोटले कैद गर्‍याका छन्. एसवखतमा ती सिखहरू नेपाल वाट कैद छुटाई दिया हुंदो हो भनी कलकत्ता लाटसाहेवसंग दरखास्त गर्‍याछन् र लाटसाहेव वाट नेपालका राजिडण्ट साहेवलाई लेख्या हुंदा नेपालका राजिडण्ट साहेवले यस कुराको दरखास्त गर्दा भोटका अंवा र भोटका भारादारलाई भनी पठाई धेरै वर्ष देखी कैद भयाका सिखहरूलाई कैद छुटाई नेपालमा झिकाई यस्ता वेहोरासंग कैद पर्‍याका श्री ३ महाराज जंगवहादुर वाट कैद छुटाई ल्यायाको भनी सिखहरूलाई जनही तकमा दिई आफ्ना घर घर पठाई देश देशावरमा जस फैल्यायाको —१२

## आठौं नेकीको तेऱ्हौं काम.

श्री चीनिआ वादसाह संग फ्रांसी मुलुकको नवाफले दगा गर्‍यो भंन्या खवर सुनी ४० तोप र १० हजार फौज लिई आई

फ्रांसिलाई हटाउँछू भंन्या अर्जी आंदा र भोटले विरुद्ध गऱ्याका कुरामा भोटसँग लडाईं गरी फेरी भोटसँग घा गऱ्याको कुरामा श्री चीन वादसाह खुसी हुन गै श्री ३ महाराजलाई मुगाको गजूर, मुजूर पाँखको कल्की औ त्याउफीको वग्गु कुचीन गैन्ह खि-लत वक्सी पठाउंनु भयो ———————— १२

## नवौं नेकीको पहिलो काम.

हिन्दुस्थानमा वृटिश सरकारका पल्टन र नवाफ राजा रजौटा हिन्दू मुसल्मान गैन्हले जगा जगामा हंगमा गरी ठाउँ ठाउँका साहेबान् मेम बाबा बाबीहरूलाई मारी जगा जगाका मेग-जिन खजाना दौलत लुटी वृटिश सरकारका साहेबान् गोरा पल्टन संग ठाउँ ठाउँमा लडाईं गरी जगा जगामा घेरा दियाको खबर लाटसाहेब संग जाहेर हुंदा ई रेविलहरूले बहुतै सिकिस्त गर्न आंट्या यस ववतमा नेपाल सरकार संग हाम्रो दुलो दोस्ती छ. नेपालमा मद्दत नमागी भयेन भनी लाटसाहेबवाट नेपाल-का रजिडण्ट साहेब मार्फत भनी पठाउंदा रजिडण्ट साहेबवाट यो सबै विस्तार जाहेर गरी श्री ३ महाराजका हजुरमा मद्दतको दरखास्त गर्दा स्त्रीहत्या र बालहत्या गऱ्याको हेरी रहनु हाम्रो धर्म होइन. यस कुरामा मद्दत दिनू मुनासिव हो: मद्दत दिया पैट्टै गोर्खाको नेकनामी होला वाहाँ पछी वृटिश सरकारसँग दोस्ती वढ्ला भनी श्री ३ महाराजवाट १४ सालमा मद्दत दिनाको तजवीज गर्नु भयो. ———————— १

## नवौं नेकीको दोश्रो काम.

गोरखपुर तर्फका मद्दतलाई पैट्टै पाल्पामा रह्याका बरख पल्ट-नमध्ये २०० नाल गोरखपुर तर्फ असारैमा पाल्पैवाट रमाना गराउंनु भयो. ———————— २

## नवौं नेकीको तेश्रो काम.

आजिमगढ, जौउनपुर तर्फलाई केही पल्टन नेपालवाट रमाना भया वाढिया होला भनी रजिडण्टसाहेबले भंदा १४साल का असारमा ६ पल्टन चौसापानीको वाटो आजिमगढ जौउ-नपुर तर्फ रवाना गर्नु भयो. ई पल्टनमा गयाका आफिसर हरूलाई जगा जगाका साहेवानहरूले इज्जत सँग खातिर गर्नु भंन्या रजिडण्ट साहेववाट जनही १।१ प्रमाना दिया. —३

## नवौं नेकीको चौथो काम.

मोतीहारी तरफलाई पनी केही नाल मद्दत गया वढिया होला भनी फेरी रजिडण्ट साहेव आई इतलाय गर्दा अमीन कंपनीका १०० नाल मोतीहारी तर्फ रमाना गर्नु भयो —— ४

## नवौं नेकीको पांचौं काम.

कुमाऊं, अलमोडा तर्फ पनी ठूलो हंगमा उठेछ. तेसतर्फ लाई पनी मद्दत चाँडो गया वेस होला भनी रजिडण्ट साहेव आई फेरी इतलाय गर्दा डोटीमा रह्याका पल्टनमध्ये २५० नाल कुमाऊं, अलमोडा तर्फका मद्दतलाई रमाना गर्नु भयो — ५

## नवौं नेकीको छैटौं काम.

गोरखपुर तर्फलाई फेरी पल्टन नगया मद्दतले पुगेन भनी रजिडण्ट साहेवले इतलाय गर्न आउंदा दुई पल्टन मदौमा रमाना गर्नु भयो. —— —— —— —— ६

## नवौं नेकीको सातौं काम.

ई गयाका पल्टनहरू जगा जगाका साहेवानहरू संग सामेलभै हंगमा गर्न्या रेविलहरू संग जगा जगामा लडाई गरी आफु पुग्याका अड्डा संम थामी वस्याका छन्. लडाईंमा जीउनपुर. आजिमगढ तर्फ धेरै सिपाही मर्न्या र घाइता भयाका छन्. तेसको भर्नीलाई नेपालवाट सिपाही रवाना भया वाढिया होला भनी रजिडण्ट साहेवले फेरी इतलाय गर्न आउंदा र आजिमगढ जीउनपुर तर्फ गयाका नेपालतर्फका आफिसरहरूले अर्जी लेखी पठाउंदा ६ पल्टनका विदा वेरामभै जान न सक्न्या र हिन्दुस्थानका लडाईंमा मर्न्या खाली भयाका खानगीमा भर्ना गर्नालाई ५५० नाल फेरी रमाना गर्नु भयो —— —— —— —— —— —— ७

## नवौं नेकीको आठौं काम.

ई रमाना भयाका पल्टनमध्ये डोटीवाट रवाना भयाका पल्टनले लडाई जिती अलमोडा सहर नैनीताल वचाया आजिमगढ जीउनपुर तर्फ गयाका पल्टनले ठाउं ठाउंमा धेरै लडाई जिती आजिमगढ जीउनपुरमा अड्डा वांधी पश्चिम पट्टीको रस्ता असारदेखी मंगसीर संम रोक्कागरी राख्या —— —— —— —— —— —— —— ८

## नवौं नेकीको नवौं काम.

नेपाल सरकार वाट मद्दत दियाका जगा जगामा पुग्याका गोर्खाली पल्टनले ढेरै ठाउँमा लडाईं जित्ये. बहुत सूरा रह्या-छन्. तर रेविलहरू ढेरै उठनाले मद्दत पुगेन. लखनौमा ढेरै रेविलहरू जंघा भै तोप. वन्दूक. हात-हतियार तैयार गरी अड्डा वाँधी वसी रह्याछन्. गोरखपुरमा पनी २५०००फौज लिई महम्मद हुसेन अड्डा वाँधी वसी रहेछ. वेली गारदमा साहेवान. मेम. वावा वावीहरू ढेरैलाई घेरा दियाको छ. नेपाल वाट येस वखतमा भारी मद्दत दिनु पर्‍यो, भनी लाट साहेव वाट लेखी आयाको छ भनी यहाँका रजिडण्ट साहेवले आई फेरी दरखास्त गर्दा अव येस वखतमा म आफै नगई भयेन भनी मेगाजिन, खरखजाना, गोला गिराफ, तोपहरू तयारी गरी १२ हजार फौज लिई पौषमा आफैं श्री ३ महाराजवाट आफ्ना भाईहरू समेत साथमा ली हिन्दुस्थान तर्फ सवारी हुनुभयो. ——————————— ९

## नवौं नेकीको दसौं काम.

ई जगा जगावाट रमाना भयाका पल्टनलाई चुस्ता, कुर्था, गाडा वैलको खर्च भाडामजूरी औ पल्टनलाई दर्जा अनुसार मैह्नावारी भत्ता खर्च वृटिश सरकारवाट दिलाया. यसैमा पनी पल्टनलाई १०।११ लाख भत्ता खर्च दिलाया १०

## नवौं नेकीको एघार्हौं काम.

श्री ३ महाराजका सवारी भया पछी पैह्ले पिपराघाटमा पुगी तहाँ लडाईं फत्ते गरी तहाँवाट गोरखपुरमा लडाईं गरी महम्मद हुसेन फौजलाई कत्तल गरी महम्मद हुसेनलाई हराई गोरखपुर फत्ते गरी वृटिश सरकारको सपूर्त गर्नुभयो — ११

## नवौं नेकीको वाह्रौं काम.

तहाँवाट ठाउँ ठाउँमा लडाईं फत्ये गरी अघी गयाका ६ पल्टन समेत सामेल गराई लखनौ पुगी कम्याण्डर. इन्. चीफसँग सामेल भै लखनौमा १४ दिन लडाईं गरी वहाँ पछी लखनौमा घेरा दी तोप-वन्दूकको फैयेर वरावर गरी सिकिस्त गर्दा रेविलहरू ढेरै मर्‍या र पाहिले केसरिया वाग फत्य गर्दा रेविल अरू रोहिलखण्ड तरफ भागि गया. तेति भया पछी लखनौ फत्य गरि लखनौवाट सवारी फिर्नु भयो. ——— १२

## नवौं नेकीको तेह्रौं काम.

लखनौवाट सवारी फिर्नु हुंदा प्रयागमा लाठसाहेवसंग भेट मुलाकात हुंदा पल्टनले प्रेजेण्ट गराई १९ तोपको सलामी दिया. वहुत आदर खातिर गरी कुईनको मूर्ति भयाको तकमा र वन्दूक वेस तवर हीरा जडाऊ अंगुठी गैन्ह नजर दिया. साथका गैन्ह आफिसर समेतलाई नजर दी मेजमानी दिया. भोलीपल्ट लाटसाहेववाट श्री ३ महाराजका तंवुमा आई मुलाकात गर्‍या. श्री ३ महाराज जांदा आउंदा वाटमा जहां जहां साहेवानहरू वस्याका छन्, वहां वहां १९।१९ तोपको सलामी दिया. वहां पछी नेपाल दाखिल हुनुभयो. ———————— १३

## नवौं नेकीको चौधौं काम.

वहां पछी नाना वालाराम भन्याका दंगा हुजत गर्न्याका मुख्य सरदार रह्याछन्. इनहरूलाई वेस गरी दवायाका हुनाले इनहरूलाई जस्ले फेला पारी पक्री ल्याउँनन्, उस्लाई ५० हजार इनाम मिलला भनी वृटिश सरकारवाट छापा छापी उर्दी दियाका रह्याछन्. ई गैन्ह रेविलहरूले हिन्दुस्थानमा सिकस्त खांदा नेपालका ईलाका वुटवल तरफका तराईमा विर्चिसकदर वेगम, नाना वालाराव मैंवुखां लगायेत आफिसर, राजा, वावु, रेविलका फौजहरू आई वस्दा ती वदमास रेविलहरू नेपालका अमल्दारि वुटवलका तराईमा वस्याका छन्. नेपालका श्री ३ महाराजवाट तिनहरू सवैलाई मारिदिनु भनी दोस्तीका राहाले दर्खास्त गर्दा आफना मुलुकमा भागी आयाकालाई मार्नु मुनासिव होइन भनी केही मैहृा उसै रह्या. तस्तै वीचमा नाना वालाराव औलाले पक्री वुटवलका तराईमा आफनै कालले मर्‍या. वहां पछी फेरी फौज ली आफैं श्री ३ महाराज वुटवल तरफ तराईमा सवारी भै वुद्धिका पेचले ती रेविलहरू गैन्ह संगको वेलायती केप वालाइन फील रैफल रिसालाका वंदूक, पेस्तवल, तर्वार औ हात्ती-घोडा गैन्ह सवै झिकी नेपाल दाखिल गराई रेविलहरूलाई गिरफ्दार गरी साहेवानहरूको सपूर्त गरि दिनु भयो. ———————— १४

## नवौं नेकीको पन्ध्रौं काम.

येति भया पछी नेपालका पल्टनले ठुलो मेहनत गर्‍या

भन्न्या वेहोरा पारी गै-ह पल्टनलाई २।। मैह्ना का भत्ताका दरले पौने चार लाख रूपैञा इनाम दिलाया. लडाईमा मुक्त हुन्या का जहानलाई पेन्शेन भनी रूपैञा फेरी दिलाया. —— १५.

नवौं नेकीको सोर्हौं काम.

वेलायेतका श्री वादसाह कुयेन विकटोरियावाट हाम्रा हिन्दुस्थान तर्फ रह्याका अंग्रेजहरूलाई रेविलका फौजहरू उठी हुंगमा गर्दा हामीलाई मद्दत दिना निमित्त श्री ३ महाराज जङ्ग-वहादुर राणा जी. प्राइमिनिष्टर याण्ड कम्याण्डर इन् चीफ-वाट फौजली जगा जगामा लडाई गरी गोरखपुरमा रेविलहरूलाई कतल गरी महमद हुसेनलाई हटाई गोरखपुर फत्य गरी वृटिश सर्कारका सपूर्त गरी फेरी लखनौ तर्फ वृटिश सर्कारका कम्याण्डर इन् चीफ्का सल्लाह संग लखनौ फत्ये गरी येस्तो जमामर्द् गर्दा नेपाल सर्कारवाट वृटिश सर्कार तर्फ १२ साल-देखी लागेयाको घागरा देखी पूर्व गोरखपुरका सीमाना खैरीगढ वहरा-इच देखी उत्तर वधौराटार देखी पश्चिम पाहाड देखी दक्षिण येती सीमानाभित्र १०० कोशको लम्बा जगा फिर्ता गरी दिन्यूं भन्न्या सनद झिकाई १७ सालदेखी नञामुलुकको वाहाल गराउंनुभयो. —————— १६

नवौं नेकीको सत्रौं काम.

हिन्दुस्थानमा रेविलका फौज उठी हुंगमा गर्दा जगाजगा-मा फौज पठाई लडाईगरी रेविलहरूलाई हटाई रेविलका सर्दार महमद हुसेनका दखलमा कै मैह्ना रह्याको गोरखपुर वृटिशसर्कार को सपूर्त गरी लखनौमा घेरा दिई लडाई गरी लखनौ फत्ते गरी दिया. नेपालका फौजले येस्तो काम गराया. येस कुरामा फौजलाई भत्ता र इनाम, लडाईमा मुक्त हुन्या, घाईताहरू हुन्याहरूलाई पेन्शेन इंगलिस् दिन्यूं. येस्कामभा अक्कल, वुद्धि र जमामर्दी सबै श्री ३ महाराज जङ्गवहादुरको हो. इनसंग पछी सैंम दोस्ती वढ्दैजाउस भनी वेलायेत इंगलिस्तानका श्री वादसाह कुईन् विक्टोरियावाट ठुला मान र आदर भयाको जागीर तरफको ठुला मर्यादा भयाको नाईट् ग्रॉण्ड क्रॉस आफ दि आदर आफ् वाद अर्थात् जी.सी.वी. भन्न्या इलकापको तक्मा पठाउंनुभयो र नेपालका रजिडण्ट कर्णेल जारीज रामजी साहेव वहादुरले श्री ५ महाराजाधिराज का हजुरमा सपुर्द गरी दिंदा श्री ५ महाराजाधिराजवाट भर-भारदार सबै राखी नेपालका नाचकीर्तन भजन गैह्र उत्सव जात्रा गराई श्री ३ महाराज जंगवहादुरलाई तक्मा लगाई वक्सनुभयो. —————— १७

## दसौं नेकीको पहिलो काम.

चंडालगढका किल्लामा कैद गरी राख्याका लाहुरका जिन्दा रानी किल्लावाट भाग्दा जिन्दा रानीलाई १ घंटा पनाहा दी राखन सक्न्या कस्को सामर्थ छ. उसलाई भारी जरीवाना होला भनी छापा छापी सारा मुलुकमा फैलायाको थियो. त्सै बीचमा जिन्दा रानी नेपालमा पनाहा आया र यो विस्तार यहाँका रजिडेंट साहेव संग श्री ३ महाराजवाट दरखास्त गर्दा रजिडेंड साहेवले ई जिन्दा रानीलाई सपुर्द गरीदिउ पर्छ. सपुर्द भयेन भन्या लाठ साहेववाट मंजुर हुन्या छैन भनी दरखास्त गर्दा पनाहा आयाका जनानालाई सपुर्द गरी दिनाको हाम्रो दस्तुर छैन. भनि दरखास्त गरी वृटिश सरकार संग दोस्ती कायम राखी जिन्द रानीलाई वर्षको १४ हजार खर्च दी १२ वर्ष सम्म राखी १२ वर्ष पछी वृटिश सरकार संग मेरो छोराले दोस्ती वांध्या. अव मलाई केही सन्देह छैन. म छोरालाई भेट गर्न जान्छु भनी विदा माग्दा आफ्ना सिवाना सम्म पहरा चौकीलाई पगरी हुद्दा सिपाही खटाई ईजत साथ विदा गरी पठायाको. —————— १

## दशौं नेकीको दोश्रो काम.

हिन्दूस्थानमा रेविल उठी वृटिश सरकारका मेम वावा वावी गोराहरूलाई सिकस्त गर्याको हुनाले लाठ साहेववाट मद्दत माग्दा श्री ३ महाराजवाट मद्दत दी रेविललाई हटाउन भयाको थियो. रेविलहरूले सिकस्त खाँदा हाम्रा मुलुक वुटवलका तराईमा आयाका नानावालारावका आमा र स्वास्नीहरूले कहीं पनि रहन न पाउंदा नेपालमा पनाहा आउन्या जनानाहरू पनाह आया पछी हामीले पनाह लिउ पर्छ भनी नेपालमा ल्याई वस्ना जगाको ठेगाना गरी खाना पीनाको वंदोवस्त वांधी मैहृावारी खर्च दी राखउ भयो. —————— २

दशौं नेकीको तेश्रो काम.

फेरी लखनौका नवाबका छोरा बिर्जिस कदर बेगम हजरथ महल पनी अनेत्र पनाह न पाई नेपालमा पनाह आउंदा पनाह दी नेपालमा बस्नालाई पानी छिकी माथी नया घर बनाई खाना पिनाको बंदोबस्त बांधी मैहुवारी खर्च दी राखनुभयो. ३

दशौं नेकीको चौथो काम.

ई नानावालाका जनाना र बिर्जिस कदर हाम्रा दुस्मन हुन्. इनहरूलाई सपुर्द गरी दिनु पर्छ भनी लाट साहेबबाट रजिडेंट साहेबलाई लेखी आंउदा नेपालका रजिडेंट साहेबले ईतलाय गर्दा जनाना र बालख पनाह आउन्यालाई सपुर्द गरीदिनाको हाम्रो दस्तुर छैन भनी जवाफ दी थामनुभयो. यस्तो ज्वामर्दी अकलबंद श्री ३ महाराजको कति कुराको बयान गरूँ ———— ४

एघारौं नेकीको पैह्लो काम.

अघी नेपाल तिन सहरमा ३ राजा रह्याछन्. पछी श्री ५ महाराज पृथ्वीनारान साहबाट नेपाल मार्नु हुंदा काठमाडौंमा राज गर्न भयेछ. उहिले देखीन राजधानी काठमाडौं मात्र हुनजांदा भादगाउं पाटन सहर उजार हुन गयाको देखता अब ४ पल्टन, १ जनरल भादगाउंमा बस्नु. ४ पल्टन, १ जनरल पाटनमा बस्नु भनी हुकुम भै पल्टन राखी बक्सदा भादगाउं पाटन सहरमा नया दर्बार पनी बन्यो र दुनियाले खरीद बिक्री गर्न रोजगार पनी पाया सहरमा ढेरैले नया घर बनाउन लाग्या. — १

एघारौं नेकीको दोश्रो काम.

एकै ठाउंमा खरखजाना हतियारहरू रह्या उस ठाउंमा दुस्मनले दगा दिया फेरी खजाना नपाइन्या हुन्छ भन्न्या तजवीज गरी काठमाडौंमा पनी ठाउं ठाउंमा तोप बन्दुक खरखजाना राखनुभयो. भादगाउं पाटनमा पनी सिलखाना तोपखाना बनाई तोप, बन्दुक, खरखजाना राखनुभयो.

एघारौं नेकीको तेश्रो काम.

अघी जंगी मेगाजिनमा जंगी सरजाम बनाउंदा फलाम ढाल्न नसक्नाले जंगी सराजाम दुरुस्त हुन सक्तैन थ्यो. खर्च पनी ज्यादा लाग्दथ्यो. अब र फलाम ढाल्न्या तर्किप गरी खर्च पनी कम हुन्या तजवीजसंग जंगी सराजाम दुरुस्त गरी तयार गराउनुभयो. ———— ३

## एघारौं नेकीको चौथो काम.

अघीका तोपहरु दुरुस्त भयाको नदेखता नञा तोप ढाल-न्या तजवीज गरी तयारी भयाको तोपल्याई आफुले निसाना मारी हेरी दुरुस्त भयो भन्न्या ठहराई तवर तवरका तोप वम् वरावर ढलान लगाउनुभयो. ———— ४

## एघारौं नेकीको पाचौं काम.

अघी पत्थरकला वेंदुक मात्र वन्द थ्यो. अव रैफल इनफील वन्दुक वरावर नेपाल मेगजीनमा र प्यूठानामा वनाउन लगाई पल्टनलाई वाडी दिनुभयो. ———— ५

## एघारौं नेकीको छैटौं काम.

कैफूमा अघीको पल्टन थामी ढुकुटीको पैसा अघीभन्दा वढाई मुलुकको आँदानी सावीक भन्दा वढाई ९ पल्टन र ढेरै अफि-सर पगरी थपी अघीको भन्दा ११ दर्जा सवैलाई वढाई मेहेनत गर्न्यालाई मेहेनत अनुस्वार शेल दर्जा वढाई फौज सवैलाई खुसि संग राखनुभयो. ———— ६

## एघारौं नेकीको सातौं काम.

कैफूमा अघीको कवायेत दुरुस्त नभयाको देखता पुरानु कवायेत खारेज गरी नञा कवायेत नञा वोलीको तर्जुमा गरी पल्टन दुरुस्त राखनु भयो. ———— ७

## एघारौं नेकीको आठौं काम.

गोलन्दाजी कवायेतमा पनी नञा तर्जुमा गरी भोट मधेसको लडाई देखाई कवायेत दुरुस्त गराई हउस्तरीको व्याटरी तयार गर्नुभयो — ८

## एघारौं नेकीको नवौं काम.

पल्टन ढेरै वढ्दा कवायेत गर्नलाई टुडीखेल सानु भयाको देखता काठमाडौं भादगाउं पाटन तिनै सहरमा श्री ५ सर्कारको दाम खर्च नगराई दुनिञालाई दुःख न दिई पल्टनलाई लगाई टुडीखेल ठुलो गरी वनाउन लगाउनुभयो. ———— ९

## एघारौं नेकीको दशौं काम.

दुस्मन संग काम पर्दा खतडा नपरोस भन्न्या चित्तमा लि भोट मधेसका लडाईमा लुट गरी ल्यायाको र मेग्जिन-मा १०।८ लाखको तोप वन्दुक, गोला गिराफ, गोली हात हतियार तयार गरी खिय परी विग्रला भनी वरवात वरवातमा जांचवुझ गरी भली तयार गर्नु भनी उर्दी वन्देज गरी ढेरै खजाना तयार गरी राखनुभयो. ———— १०

## बाह्रौं नेकीको पैह्लो काम.

बुढा नीलकंठको कुलो ठाउठाउंमा चपरी हाली जगा उकासी थापाथलीमा ल्याउनु भयो. यो कुलो ल्याउनाले दुनिञा को नकसाल देखी तल माथीको धैयाटार सबै पानी खेत हुनगयो तेसमा दुनिञा राजी भया. ———————— १

## बाह्रौं नेकीको दोश्रो काम.

थापाथली वाग्मतीको किनारमा घाट बनाई श्रीपंचायन देवता स्थापना गरी नित्य नैमित्तिक पूजा चलाई नित्य भजन राखी देवताको भक्ति गर्नु भयो. ———————— २

## बाह्रौं नेकीको तेश्रो काम.

काठमाडौं टुंडिखेलमा देशदेशावरका साहेवान राजा संग भेट मुलाकात गर्नालाई बैठक सानु हुंदा पुरानु बैठक थामी नञा ठुलो बैठक बनाउन लगाई झाड फानस तसविर फूलदान टेबिल देश जाई जातजातका वाजा पेनेपाट अगीत गैह्र कलकत्तावाट झिकाई भारी बैठक बनाउनु भयो. ———————— ३

## बाह्रौं नेकीको चौथो काम.

थापाथलीमा श्रीजगनन्द प्रकाशेश्वर महादेव स्थापना गरी देवालय बनाई नित्य नैमित्तिक पूजा गुजराती वाजा चलाई जो आयाका जोगी सैन्यासी बैरागी अतित अभ्यागत दुखी कंगाली हरुलाई खाली नफर्काउनु हैडी सदावर्त दिनु. शिवरात्रीमा आयाका फकीर फकेडा गरीव कंगाल सबैलाई बिदाई दिनु भनी ठुलो सदावर्त गुठी राखिनु भयो. ———————— ४

## बाह्रौं नेकीको पांचौं काम.

श्रीपशुपतिमा सालवसाल श्रीशिव स्थापना गरी सत्तल बनाई नित्य नैमित्तिक पूजालाई गुठी राखनु भयो. श्री ३ महाराज-का भाईहरुले पनी श्रीशिव स्थापना गरी सत्तल बनाई गुठी सदावर्त राखनु भयो. यो देखता धर्म भन्याको यही ठुलो रहेछ भनी छोटा वडा ढेरैले शिव स्थापना गर्‍या. पाटी पौवा सत्तल धारा बनाउन्या भयो. ५

## बाह्रौं नेकीको छैटौं काम.

श्रीआर्यातीर्थमा मह्लेगाउंको ठुला ठुला ढुंगा ल्याई वारी पारी घाट सत्तल बनाउन लाउनु भयो. ताहां अघी आफ्ना पुर्खाले बना-याको पुल बिग्रंदा फेरी मजगुद गरी नञा पुल बनाउन लाउनु भयो. ६

वाह्रौं नेकीको सातौं काम.

काठमाडौंबाट भादगाउं जान्या बाटो बांगो टेढो सानु थियो. अब ठुलो चौडा गरी सोझो सडक बनाउन लाउनुभयो. तेस्तै बालाज्यू जान्या बाटामा पनी चौडा फराक सोझो गरी सडक बनाउन लाउनुभयो. — ७

वाह्रौं नेकीको आठौं काम.

बालाज्यूमा अघीको पोखरी भन्दा दोबर ठुलो गरी बनाउन लगाई धारा सबै सच्याई तह्योपट्टी फोहरा हाल्न लगाई निकासमा अर्को पोखरी बनाउन लाउनुभयो. — — — — ८

वाह्रौं नेकीको नवौं काम.

नेपालमा ठाउंठाउंमा पूल नहुंदा वर्षामा खोलो बढी साल वसाल मानिस बगाई लैजान्थ्या. भादगाउं जान्या बाटामा धोबीखोलामा १, बाग्मतीमा १, मनोहरामा १, खहऱ्यामा १, खासाङ्खुसुङ्मा १, बालाज्यू जान्या बाटामा विष्णुमतीमा १, बुग्मती जान्या बाटामा नखुमा १, चोभार-मा १, येती ठाउंमा एकै सालको ६ मैह्ना भित्र हेटौंडाको काठलाई मजबुती पक्का पूल बनाउन लगाई तयार गराउनुभयो. — — ९

वाह्रौं नेकीको दशौं काम.

अघी राजगुठी सदावर्तहरू जत्र तत्र जस्ले पायो उसैले खाई रह्याको थियो. ९ सालदेखी राजगुठीको तांबापत्र-शिलापत्र-पंजिल दानपत्र बमोजिम कत्ती नघटाई चलाउनु. शेष रह्याकोमा जस्ले बढ्छ उसलाई दिनु भनी ७ दिनको म्यादको पुर्जी टांसी राजगुठी-सदावर्त- पजनी गरी जोगी-सैन्यासी-भाट-भिक्षुक-दुःखी-कंगाली-लाई गुठीकचहरीबाट सदावर्त बाड्न लगाई कसर आयाको आँदानीले ठाउंठाउंमा पूल तयार गर्न लाउनुभयो. काठमाडौं, भादगाऊं, पाटन ३ सहरमा देवालय-सत्तल-पाटी भत्क्या बिग्र्याको बनाउन लगाई जीर्णोद्धार गरी रंगरोगन चढाउन लगाई तयार गर्न लाउनुभयो. — १०

वाह्रौं नेकीको एघारौं काम.

श्रीपशुपतिका मंदिरमा चारौं तरफ पेटीमा ढलवट ईंटले छापी चारौं तरफ दर्वाजाअगाडी मूर्तीवाल ठुलो पानस राखी रोजिन्दा बत्ती बाल्न्या बंदोबस्त गर्नुभयो. — — — — ११

वाह्रौं नेकीको वाह्रौं काम.

श्रीगुह्येश्वरीका स्थानमा माथीबाट नवरत्न जडाऊ सुनको कलश सुनको अष्टपत्र-सुनको भैरवको प्रतिमा र चारकुनामा चांदीको पानस. माथीबाट सुनका पाताले छापी चह्राउनुभयो. — १२

वाहूँ नेकीको तेहूँ काम.

तपसील बमोजिमका दान- जप- पाठ- होम- पुराण- अनुष्ठान- पुरश्चरण- अतिरुद्री ९ अरू इत्यादि गैह्र दान- पुण्ये गरी बक्स्याको. —— १२

धान्येपर्वतादि ४१ पर्वतदान. —— ४१

मुख्य दश पर्वतदान. —— १०

धान्ये पर्वत. —— १
नुन पर्वत. —— १
सुन पर्वत. —— १
तिल पर्वत. —— १
कपास पर्वत. —— १
घृत पर्वत. —— १
रत्न पर्वत. —— १
रौप्य पर्वत. —— १
चिनी पर्वत. —— १
गुड पर्वत. —— १

धर्मायसी अरू पर्वत दान. —— ३१

कागज पर्वत. —— १
मुगी पर्वत. —— १
गहत पर्वत. —— १
ताम्र पर्वत. —— १
राङ पर्वत —— १
सीसा पर्वत. —— १
फलाम पर्वत. —— १
जस्ता पर्वत. —— १
पीतल पर्वत. —— १
काँसो पर्वत. —— १
पारो पर्वत —— १
मह पर्वत —— १
दुद पर्वत —— १
दहि पर्वत. —— १
गोवर पर्वत. —— १

| | |
|---|---|
| कुश पर्वत. | १ |
| वस्त्र पर्वत. | १ |
| कुमकुम पर्वत | १ |
| तेल पर्वत. | १ |
| कस्तूरी पर्वत. | १ |
| कपूर पर्वत. | १ |
| गज पर्वत. | १ |
| अश्व पर्वत. | १ |
| गो पर्वत. | १ |
| शालिग्राम पर्वत. | १ |
| भूमि पर्वत. | १ |
| फूल पर्वत. | १ |
| रुद्राक्ष पर्वत. | १ |
| नर पर्वत. | १ |
| रुपैंञा पर्वत. | १ |
| रत्नवृक्ष पर्वत. | १ |

| | |
|---|---|
| सप्तद्वीप सप्तसागर ब्रह्मादि देवता. दश अवतार सहित सुनको भूगोलदान. | २० |
| तीलपद्मदान. | १ |
| हिरण्याश्वदान. | १ |
| आप्रछकरदान. | १ |
| सुवर्णाश्वरथदान. | १ |
| सुवर्णहस्तिरथदान. | १ |
| पंच लिंग दान. | १ |
| हिरण्यगर्भदान. | १ |
| भुवन प्रतिष्ठाकर दान. | १ |
| मातुरण्यकर दान. | १ |
| तिपमदान. | १ |
| महाभुतघटदान. | १ |
| आनन्दनिधिदान. | १ |

भद्रनिधिदान. — — — १
कर्पूरधेनुदान. — — — १
घृतधेनुदान. — — — १
दुग्धधेनुदान. — — — १
तिलतैलधेनुदान. — — — १
जलधेनुदान. — — — १
दधिधेनुदान. — — — १
तुलादान नगद ६ हजार समेत. — — १

सकलप्राणदान. — — — १
हजारौं गाईदान. — — — १
२ बीसासय उभयमुखी गोदान. — — १
तिलधेनु दान. — — — १
सुनको गाई सुनको वृषभदान. — — १
बधैंचा दान. — — — १
श्रीपशुपतिमा कोटी जप. — — १
स्मरमादि १६ देवताको अनुष्ठान. — १
श्रीगुह्येश्वरीमा अनुष्ठान. — — १
पंचदेवलमा पंच ग्रहको पुरश्चरण. — १
कोटीहोम. — — — १
सहस्रचंडी. — — — १
२ अतिरुद्री. — — — १
१८ पुराण. — — — १
३६ पुराण. — — — १
चारधाम गर्न्या ब्राह्मणलाई रु ५०० बकस्याको १
मासोपवासको धर्मगर्न्याके रु १५०० बकस्याको. १
गुरु धर्मानंद पंडितके घर खेत समेत ६००० बकस्याको. १
गुरुकुलाई सैंया समेत ६ खेत बकस्याको. — १
नरनाथ पंडितलाई रु ४०० बकस्याको. — १
रविदत्त पंडित देवकोटाके २०० बकस्याको. — १
जमदग्नि पंडितके रु १६०० बकस्याको. — १

भुवनेश्वर पंडितके रु ५०० बक्स्याको. ——— १
रामानंद पंडितके रु ... बक्स्याको. ——— १
गौरीके ... बक्स्याको. ——— १
लक्ष्मीकान्त पंडितके ... बक्स्याको. ——— १
वैयाकरण दवाडीलाई रु ५०० बक्स्याको. ——— १
अरु दान पुण्य जप पाठ गैह्र गरि बक्स्याको हिसाब छैन.

तेह्रौं नेकीको पैह्लो काम.

देवदेवताका गुठी र ब्राह्मणका वीर्ता ६२ सालमा हरण भै कैदुमा भर्ना भयाको हुंदा देवदेवताको गुठी र ब्राह्मणको वीर्ता हरण हुन्या कुरो वढिया गर्‍याको रहेनछ. सो सवै जगा फोर्ई दिऊं भन्या कैदु खारेज गर्नुपर्‍यो. तसर्थ मधेस, पाहाड, नेपालमा बाँझो जगा ६२ सालमा हरण भयाको सद्दा सांध लगाई दिनु. बाँझो अवाद गर्नालाई जैगी निजामती गैह्र्ले खर्च दिनु भनी दरवन्दी ठेकी वीर्ता फोनी भनी कलम लगाई असुल गरी ६२ सालमा हरण भयाको गुठी वीर्ताको सद्दा सांध लगाई दिनुभयो. ——— १

तेह्रौं नेकीको दोश्रो काम.

अघी ठकुरीहरूले सेर्मा साउन्या फागु तिर्नु पर्दथ्यो. १९ साल देखी ठकुरी नभनु. रजपूत भनु भनी सेर्मा साउन्या फागु माफ गराई वक्सनुभयो. ——— २

तेह्रौं नेकीको तेश्रो काम.

खसजातलाई अब उप्रान्त खस नभनु. क्षत्री भनु भनी लालमोहर गराई क्षत्री पद वक्साई दिनुभयो. ——— ३

तेह्रौं नेकीको चौथो काम.

नेवारजातमा ज्यापुदेखी तलका जात मासिन्यामा अब उप्रान्त पानी चलन्या जात सँगमा नेवारजातलाई नमास्नु भनी लालमोहर गराई वक्सनुभयो. ——— ४

तेह्रौं नेकीको पांचौं काम.

अघी किरातीजात मासिन्या हुनाले कैदुपल्टनमा जागीर हुंदैनथ्यो. किरातीजातलाई नमास्नु भन्या लालमोहर गराई वक्सी किराती पल्टन खडा गरी कैदुमा जागीर्‍या तुल्याउनुभयो. ——— ५

तेह्रौं नेकीको छैटौं काम.

मगरहरू अघी कैदुपल्टनमा जाहां तहीं जागीर्‍या हुन्थ्यो.

अव जाहांतहीं जागीप्या हुन्दा वेहोरा थामी मगर पल्टन वेगली खडा गरी मगरैमा पल्टनको मालिक कर्णेल तुल्याई राखनुभयो. —— ६

तेहौं नेकीको सातौं काम.

गुरुङहरू अघी कैयौं पल्टनमा जाहांतही जागीप्या हुन्थ्यो. अवजाहांतही जागिप्या हुन्या वेहोरा थामी गुरुङ पल्टन वेग्लि खडा गरी गुरुङमा पल्टनको मालिक कर्णेल तुल्याई राखनुभयो. —— —— ७

तेहौं नेकीको आठौं काम.

भोट्याहरू अघी पल्टनमा सिपाही हुन पाउंदैनथ्यो. अव ११ सालदेखी भोट्यालाई लामा भन्नु भनी लामा पल्टन २ खडा गरी २ पल्टनमा जागीप्या हुन्या तुल्याई राखनुभयो. —— —— ८.

तेहौं नेकीको नवौं काम.

उपाध्या ब्राह्मण पंडितहरूलाई दरवारमा र मुखतियारका घरमा निमन्त्रणा गर्दा. दक्षिणा दिंदा जान्न्या नजान्न्याको केही विवेक थियेन. अव पढ्याका पंडित हुं भन्न्याहरू सबैलाई आफ्ना सामान्य राखी शास्त्रार्थ गराई जान्न्या नजान्न्याको रोल वांधी दक्षिणाको दरवन्दी ठेकी यो दरवंदी वमोजिम ई पढ्याका पंडितहरूलाई दर्वारमा कौनै काममा पनी निमंत्रण गरी ठेकिया वमोजिम दक्षिणा दिनु भनी वंदेज वांधीवक्सनुभयो — ९

तेहौं नेकीको दशौं काम.

आफ्ना सत्यमा रह्याकी विधवा उपाध्या ब्राह्मणीलाई धाप मारी संन्यासीहरूले लैजान्थ्या. अव उप्रान्त विधवा ब्राह्मणीलाई संन्यासीहरूले धाप नमार्नु भंन्या औन गरी दिनु भयो. —— —— १०

तेहौं नेकीको एकाह्रौं काम.

अघी तरुणी जनानाहरू मधेस मुगलाना तर्फ जांदा वदमास मधेस्याहरूले जवर्जस्ती कर्नी गरी लियन्थ्यो. अव ४५ वर्ष नना घ्याका जनानाहरूले मुगलाना तर्फ नजानु भन्न्या औन गरि दिनु भयो. —— —— ११

चौधौं नेकीको पैहलो काम.

महाकाली पूर्व, मेची पश्चिम नेपाल पाहाड मधेसका रैयतहरूलाई हाराम्रो लगाउनु. वेगारी नपक्रनु. विना मजुरी वेठी नलाउनु भंन्या औन गरीदिनु भयो. १

चौधौं नेकीको दोश्रो काम.

अघी जोगीहरूलाई चतुर्मासा पीर थापी पालनु. घरही जोगीपैसा दिनु भंन्या थियो. यस कराले दुनिआलाई जोगीहरूले दुःख दियाको जाहार हुंदा अव उप्रान्त जोगीपैसा नदिनु भन्न्या वंदेज गरिवक्सनुभयो. —— २

चौधौं नेकीको तेश्रो काम.

अघी संन्यासी मंडललाई १, जोगीमंडललाई १, ईजारा लाग्दथ्यो. मुलुकका हायु-दनुवार-चेप्याङ्-कुम्हाल-दरई-गैह्र जातलाई साह्रै दुःख दिन्छन् भन्या कुरा जाहेर हुंदा संन्यासीमण्डललाई र जोगीमंडललाई खारेज गरी ईजारा माफ् गरी दुनिआलाई सुभीता गराई दिनुभयो. ——— ३

चौधौं नेकीको चौथो काम.

जागीरदारहरूका सुवा ईजारा लाग्दा ईजारादारहरूले अनेक तर्ह गरी रैतीहरूलाई दुःख दिन्छन् भन्न्या करो जाहेर हुंदा रैतीहरूले लोकाभार गरी देऊ भन्न आयाका जग्गामा रैतीहरूका नाउंमा लोकाभार गरी दिनु. रैतीहरूले लोकाभार माग्याका जग्गामा ईजारा नलाउनु भन्या ईजारा गरी दिनुभयो. ——— ४

चौधौं नेकीको पाचौं काम.

नेपाल पाहाडका इलित्रा रैयतहरू कोही जागीर्या हुन्छन्. कोही वेपार गर्छन्. कोही खाली रहन्छन्. इनहरूलाई क्या करो गरिदिया रैयतको परवस्ती होला भन्न्या तजवीज गरी भर मुलुकका छोटा वडा सवैलाई जाहान वल अनुसार खेत कमाउनु. खेत खोस मोस नगर्नु भनी खेतको रैवन्दी गरी वस्याको घरवारी सुवारा नखोसनु भन्न्या वन्देज गरिदिनुभयो. ——— ५

चौधौं नेकीको छैटौं काम.

अघी मधेस ७ जिल्ला वुटवल चितवनमा मोज्यान ठिकाको वन्दोवस्त हुंदा अघीदेखी दरी चली आयाका चितीमा सालसालका सुवा अमालाहरूले सालसालमा मगनी वेसी सवादोटकी वेजगद्दीको वेसी चौवन्नी-तिनन्नी-अठाई अन्नी-दोअन्नी-एकअन्नी-पचकठी साघर डंड कुंड गैह्र सवै कलममा वढता लगाई सास्ती सासना गरी असुल गर्दा रैयतहरूले साह्रै दुःख पायाका रह्याछन्. भन्न्या जाहेर हुंदा ६ सालदेखी मोज्यान ठीका खारेज गरी रैतानजोत जमीन नपाई दरी चली आया वमोजिम पोत ठेकी मुलुक अमानत राखी हरेख कलम माफ् गरी रैतीलाई सुभीता गरिदिनुभयो. ——— ६

चौधौं नेकीको सातौं काम.

मधेसमा ६ सालदेखी माफ् गरिवक्सनुभयाको ——— ७

| | |
|---|---|
| मगनीवेसीमाफ् ——— १ | सवादोटकी माफ् ——— १ |
| वेजगद्दीवेसीमाफ् ——— १ | चौअन्नी माफ्. ——— १ |
| तिनअन्नी माफ्. ——— १ | अठाईअन्नी माफ्. ——— १ |
| दोअन्नी माफ्. ——— १ | एकअन्नी माफ्. ——— १ |
| पचकठी माफ्. ——— १ | जोगीमंडलीका आउमाउ माफ्. १ |

सिकारी मुसहर जातलाई मेगजिनको छाला माफ् ——— १
मालमा दरीयाको वेगारी आना वाहेक जियवेगारी माफ् ——— १
माहापात्रको रकम माफ ——— १
मालमा दरीयाको वाहेक प्रोहिती रकम माफ् ——— १
रैतीले व्यापार गर्न ल्यायाको वाहेक निजखर्चलाई ल्यायाका
मालको सायेर माफ ——— १
चितवनको रसुवै दस्तुर माफ ——— १

चौधौं नेकीको आठौं काम.

अघी श्री ५ सरकार वजीर भरभारादार अमला रकमी गैह्रलाई चौधरी, कानु, गोय ठेकेदार रैती गैह्रले मेजमानी दिनुपर्न्या रहेछ. अव उप्रान्त कसैले कसैलाई मेजमानी नदिनु भन्न्या वन्देज गरिदिनुभयो. ——— ८

चौधौं नेकीको नवौं काम.

अघी मौजेमा पेठिया लाग्दा सायरदारले मनपरी सायेर लिन्या रह्याछन. अव उप्रान्त पेठीयामा पसेरी १ को पाउ १ मात्र दिनु वढता नदिनु भन्न्या वन्देज गरिदिनुभयो. ——— ९

चौधौं नेकीको दशौं काम.

छ्यौर व्रतवंध विवाहमा प्रोहितले कर लगाई दक्षिणा लिदा रह्याछन. अव उप्रान्त कर लगाई नलिनु आफ्ना खुसीले दियाको दक्षिणा लिनु भन्न्या. १०

चौधौं नेकीको एघारौं काम.

आमिलान दस्तुर विवन्देज संग लिदा रह्याछन. अव ४ शयसम्मका मौजे १ के १५, ३ शयसम्मका मौजे १ के ११।, २ शयका मौजे १ के ७।।, १ शयेका मौजे १ के ३।।. का दरले लिनु भनी ८ सालमा वंदेज गरिवक्सनुभयाको हो. ११ सालदेखी आमिलान माफ् गरिवक्सनुभयो. ११

चौधौं नेकीको वाह्रौं काम.

हात्तीसारको वेसाहाना मनपरी भाकर रैतीले वोकी पुर्याउनुपर्न्यामा मोहररुपैञा १ को मोरङ् जिल्लामा पाथी १६, अरू जिल्लामा पाथी १२ चावलका दरले दिनु. वोकी नपुर्याउनु भन्न्या वंदेज गरीवक्सनुभयो. १२

चौधौं नेकीको तेह्रौं काम.

कसैले नालिस गर्न जांदा लाग्याको खर्च गाउंमा पंचित लगाई लिदा रह्याछन. अव गाउंमा पंचित नलाउनु. आफ्ना खर्च लाउनु. भन्न्या वंदेज गरिवक्सनुभयो. ——— १३

चौधौं नेकीको चौधौं काम.

बोक्सीको कुरोमा मदौरो र धामी गुरौले वक्याकालाई विना पुर्पछे धपाउन्या र कुटी मान्याँ रह्याछन्. अव मदौरो धामी गुरौले वक्याकोमा बोक्स्यारो नलाउनु. धामी गुरौले मदौरोलाई लायाको चिहृ बोक्सीको आँगमा देखियो भन्या ई बोक्सीको आँग मा अक्षता नछरी नाचदै आयो भन्या उस्ती बोक्सीलाई मात्र गाउँ देखी निकाली लठापार गरिदिनु. भंन्या वंदेज गरिवक्सनुभयो. — १४

चौधौं नेकीको पन्ध्रौं काम.

अधीका अमलाहरूले असामीका जोत [redacted]खेत छुटाई जिराखेत गर्दा रह्याछन्. अव अमलाले असामीको खेत छुटाई जिराखेत नगर्नु भन्न्या वंदेज गरिवक्सनुभयो. —— १५

चौधौं नेकीको सोह्रौं काम.

सढुवा लगन चलाउन्या रीत रहेछ. सढुवा लगन नचलाउनु. भन्न्या वन्देज गरिवक्सनुभयो. ——— १६

चौधौं नेकीको सत्रौं काम.

जस्की स्वास्नी टीपी लैगयो उसलाई डँड गर्न्या. स्वास्नी टिपी लैजान्या फेला पर्‍यामा साधुले दंड गरी लिन्या रीत रहेछ. अर्काकी स्वास्नी टिपी लैजान्यालाई अमलाले डँड गर्नु. साधुलाई दंड नगर्नु भन्न्या वंदेज गरिवक्सनुभयो. ——— १७

चौधौं नेकीको अठारौं काम.

गैंडाखाग, हात्तीदाँत, गौरीगाईका सिङ् पाया सर्कारमा चह्राउन पर्थ्यो. अव जसले पायो उसैले लिनु भंन्या वंदेज गरिवक्सनुभयो. — १८

चौधौं नेकीको उनैसौं काम.

कल्यासाधन सर्कार लाग्न्यामा सर्कार नलाउनु. पाउन्याले लिनु भन्न्या वन्देज गरिवक्सनुभयो. ——— १९

चौधौं नेकीको वीशौं काम.

चौधरी मुगदमहरूले हर्जन विवन्देज संग लिंदा वर्षदिनमा हर हुन्या संग १ हर, नहुन्या संग १ जन लिनु. वढता न लिनु. भन्न्या वन्देज गरिवक्सनु भयो. ——— २०

चौधौं नेकीको एक्काइसौं काम.

माछामान्र्या जातलाई फिजालकहिं रु ३।२ आना, कहीं रु ६ लिंदा रह्याछन्. अव सवैले रु ३।२ आना मात्र लिनु भन्न्या वन्देज गरिवक्सनु भयो. ——— २१

चौथौं नेकीको बाइसौं काम.

पर्सा जिल्लामा ५ सालसम्म पट्टा हुनाना पटवा तिर्दा रह्याछन. १२आना पट्टा, ४आना मोहर तिर्नु भन्या बंदेज गरिबक्सनुभयो. — २२

चौथौं नेकीको तेइसौं काम.

सप्तरीमा जम्मा पुरौता र खर्च हिसाब गरी रैतीघाट लिन्या रीत रहेछ. ज्मा पुरौता रैतीले नतिर्नु. खर्च र आमिलान कट्टी अन्नी खान्याले तिर्नु भन्न्या बन्देज गरिबक्सनुभयो. — — २३

चौथौं नेकीको चौबिसौं काम.

गौनास गौडा बिहांदानि लाग्याको १४ सालदेखी माफ गरिबक्सनुभयो. — — — — — २४

चौथौं नेकीको पच्चिसौं काम.

मौजेको ज्मा कायेम राखी पर्ती आवाद गर्याको ५ वर्ष सम्म बेदाम खानु. तम्बरी भित्रका खस्ता भयो भनी मिहा नमाग्नु भन्या र सालदेखी बन्देज गरिबक्सनुभयो. — — २५

चौथौं नेकीको छब्बिसौं काम.

फेरी १३ सालसम्मका तंबरी बन्दोबस्तमा पनी असामीयान भात्रै पोत हुनाले र खर्चीत हुटाहुटै हुनाले औ हाल अबादीलाई मौजेको ज्मा कायेम राखी बेदाम खानु भन्या र खस्ताजती मराता पराताको हिजो रह्याको हुंदा १४ सालदेखी असामीयान किनाबन्दी नाप गरी खर्चीत समेत जोरी पोत भन्या एकैनाऊं गरी खस्ती पार्ती मिहा नमाग्नु. उसै सालमा फेरी अबाद हुन नसक्न्या गरी नदीकाट बालुवा भयो भन्या मिहा दिनु. पांछे पर्ती अबाद गर्याको रैतीले पैंचसाला सम्म बेदाम खानु भनी बंदेज गरिबक्सनुभयो. — — — २६

चौथौं नेकीको सत्ताइसौं काम.

मधेसमा अदालत तर्फमा ११ मात्र हुंदा दुनिञाले बिदुत भयो भनी नालिस गर्न जानालाई टाढा भै जानाको सामर्थ नभै बिदुत भया पनी उसै बसी रहन्या. निसाब नपाउन्या. जिल्लामा हाकिम पनी साना दर्जाको हुंदा निसाब पुर्याई दिन नसक्न्या हुंदा जिल्ला जिल्लामा ठाना कचहरी राखी जिल्ला जिल्ला पिछे कर्णेल राखी निसाब चलाई राखनुभयो. — — २७

चौधौं नेकीको अठाइसौं काम.

अघी दुनिआदार छोटा वडाका निसावका मुद्दामा यसो गर्नु भंन्या अयन नहुंदा हाकिमहरूले चांडो झगडा छिनि दिन नसक्न्या. कदाचित छिनि दिया पनी सानो खतमा ठुलो दंड गर्न्या. ठुला खतमा सानु दंड गर्न्या. आफ्नु विराजु गर्न्या. भद्राको देखनु हुंदा यस मुद्दाको झगडामा खत लाग्दैन. यस मुद्दाको झगडामा यती दंड गर्नु भंन्या अयेनको किताप खडा गरी भर मुलुकका अदालत, ठाना, अमाल, अड्डा अड्डाका कचहरीमा अयेन राखी सो अयेन वमोजीम छोटा वडाको एकै निसाव गरी यस्तो वन्दोवस्त अैन गरिवक्सनु भयो. ———————— २८

पन्ध्रौं नेकीको पैह्लो काम.

पाहाड नेपाल मधेस अघी ठिका इजारा लाग्दा दुनिआलाई पनी रकैकली वढाई इजारादार ठेकदार अमलाहरूले वेजाई विढुत गर्दा र श्री ५ सर्कारको पनी ज्मा नवढ्न्या. मुलुक पनी अवाद नहुन्या हुंदा मुलुक अमानत राखी मुलुक अवाद गराई श्री ५ सर्कारको खयेरखाह गर्नुभयो. १

पन्ध्रौं नेकीको दोश्रो काम.

जागीरदारहरूलाई मधेस पाहाड नेपाल सवै ठाउमा खान्गी भर्ना हुंदा ढुकुटीमा ज्मा नवढ्न्या हुंदा ८ सालदेखी जागीरदारलाई जगा भर्ना नेपाल पाहाडैमा पुर्याई मधेस सवै जागीरवाट रिकी खास माल तुल्याई मधेसको आंदानी ढुकुटी दाखील गराई ढुकुटी वढाई खयेरखाह गर्नुभयो. ———————— २

पन्ध्रौं नेकीको तेश्रो काम.

कौसीतोसाखाना. कडेलचोक. कोटभडार. हिटिचोक. वलक चौधराई रकम गैह्रमा ढेरै मानिस कारिन्दा राखी खर्च पनी ज्यादा हुन्या. कागजपत्र पनी वोर भै सालवसाल फारक पनी नहुन्या हुंदा ई सवै रकम खारेज गरी नभैनहुन्या कलममा मैह्लावारी ठिकाको वन्दोवस्त गरी जिन्सीको आम्दानी खर्च मेटी नगदीको आंदानी खर्च गराई लुक्षा छांटले ठाद्न नसक्न्या तजवीज संग वन्दोवस्त गरी खयेरखाह गर्नुभयो. ———————— ३

पन्ध्रौं नेकीको चौथो काम.

कौसीतोसाखानावाट खर्च हुंदा स्याहामा मात्रै खर्च लेखिन्थ्यो. तेसो हुंदा सचाफुलको थाहानभै सैका हुन्या हुंदा अघीको श्रेस्ता खारेज गरी नआ श्रेस्ता वांधी रोजिन्दा खर्चको रोजरोजको रुक्का दस्खत लेखाई रोजिन्दा आफूले नजर गरी छापलगाई दिनु भंन्या वंदोवस्त वाधी खैरखाह गर्नु भयो ४

पन्ध्रौं नेकीको पाचौं काम.

दफदरखाना श्रीकुमारीचोकमा गैह्र रकमी कारिन्दा संग वही वुझ्दा कुमारीचोकका कारिन्दाहरूले तजवीज गरी मिह्रा मोजरा दिन्या चली आयामा अव उप्रान्त. मिह्रा मोजरा दिंदा लालमोहर मुखतियार

का रुका दसखत नभै १ दाम पनी मिह्रा भोजरा नदिनु भनी वन्देज बाँधी खैरखाह गर्नुभयो. ५

पन्ध्रौं नेकीको छैटौं काम.

अघी भर मुलुकमा काम गर्न्या जागीरदारले जागीर पनी खान्या आमिलान मामुली भनी दैदस्तुराद पनी खान्या रित भयाको रहेछ र यो कलम बेहिसावको खर्च हुँदो रहेछ भन्या ठहराई काम र प्रानिस अनुसार खान्गी थपी दर्जा बढाई जागीरदारको चित्त बुझाई आमिलान मामुली दैदस्तुराद सबै खारेज गरी श्री ५ सर्कारमा जम्मा बाँधी खैरखाह गर्नुभयो. ६

पन्ध्रौं नेकीको सातौं काम.

अघी मुलुकको आमदानीमा जत्रतत्रवाट तनुखा गर्न्या आँदानी र खर्च कौसी तोसाखानैवाट गर्न्या हुँदा आँदानीको फेरै पनी थाहा नहुन्या. खर्चको थाहा नहुन्या. मुलुक बाँकीको पनी थाहा नहुन्या हुँदा भर मुलुकको आँदानी मुलुकीखाना दाखिल गर्नु. गैह्र खर्च नगद कौसीवाट गर्नु. भर मुलुकको वही कुमारी-चोकवाट बुझनु. कुमारीचोकवाट वही बुझी बाँकी लाग्याको मैजरनामा गराई सो मैजरनामा बमोजिम मोठ तहविलवाट असुल गर्नु. औ. तहविल तहविलको वाकी वक्यौता पनी मोठ-तहविलवाट असुल गर्नु. असुल भयाका रुपैञा पन्ध्र पन्ध्र दिनमा मुलुकीखाना दाखेल गर्नु. भन्या वन्देज बाँधी बीचमा कसैले ढाँट्न नपाउन्या गरी खैरखाह गर्नुभयो. ७

पन्ध्रौं नेकीको आठौं काम.

नेपाल पाहाडका सायेर कपास निरखी भैसी किराना भन्सार इजारा लगाई २ रुपैञा जान्या कपडा ४ रुपैया मोलि लिन्या. भोट भन्सार यौटालाई दिन्या. चौधरी यउटालाई दिन्या. मिती पनी कोही रकमको केहि मिती. कोही रकमको केही मिती. भयाकोमा सबै रकमको एकै मिती गरी. एकै जनाको ताजुक राखी गोस्वारा गर्दा मिती एक हुनाले र एकैको ताजुक हुँदा कारिन्दा खर्च कम हुन्या गरी अमानत राखी तहसील हुँदा दुनिञालाई पनी सवाल बमोजिम मात्र लाग्न्या. बढता नलाग्न्या. आमदानी भन्या बढ्न्या तजवीज गरी खैरखाह गर्नुभयो. ८

पन्ध्रौं नेकीको नवौं काम.

मधेसका सायेर ज्मा इजारा हुंदा सबै रैती संग मालको हाकिम बेग्लै, सायेरको हाकिम बेग्लै भै दुनिञा संग पनी मन परी सायेर लिन्या. श्री ५ सर्कारको आमदानी कम हुन्या भयाको जाहेर हुंदा अब उप्रान्त. गैहू सायेर गोसुवारा इजारा नजाउनु. जिह्ला भर-को ईजारा पनी नादिनु. प्रगन्ना तप्पा भरको ईजारा पनी नादि. रैतान गावन हुन्या भुस हट्टा हाट बिगाहामा गावनु. ठेका हा दोकानी खजूर पेड गैहू मौजेमा गावन हुन्या मौजेमा गावनु. मौजेमा गावन नहुन्या घाट घाट मौजे मौजेको तह्स्रोकलमको साबिक समाई ७ दिनको म्यादको पुर्जी टांसी बन्दोबस्त गर्नु भनी १४ सालदेखी यो बंदोबस्त गरी खैरख्वाह गर्नु भयो. — — — — — —

पन्ध्रौं नेकीको दसौं काम.

अघी काठमाहाल इजारा हुंदा साल १ को ५०।५५ हजार आमदानी हुन्थ्यो. १५ सालदेखी सो काठमाहालको अड्डा राखी अमाल बन्दोबस्त गरी बक्सनु हुंदा साल १ को ३।४ लाख ओंदानी हुन्या गरी खैरख्वाह गर्नुभयो. ————— १०

पन्ध्रौं नेकीको एघारौं काम.

अघी गोला इजारा लाग्दा साल १ को २० हजार ओंदानी हुंथ्यो जगाजगामा गोला राखी बन्दोबस्त गरी अमानत राखी बक्सनु हुंदा साल १ को ४०।५० हजार ओंदानी हुन्या गरी खैरख्वाह गर्नुभयो — ११

पन्ध्रौं नेकीको बाह्रौं काम.

अफिम महाल अघी १३ सयेमा इजारा लागेको रहेछ. अब अमानत राखी वर्षको ४०।४५ हजार आमदानी हुन्या रीत बांधी खैरख्वाह गर्नुभयो. — — — — — — १२

पन्ध्रौं नेकीको तेह्रौं काम.

मधेस जिह्ला जेह्लामा घरबारी माना चावल कमसरही मोकर्री बेख बिर्टिया डनु जीमिदारी गस्ढाई इस्तमरार माफी-जागीर ब्रह्मोत्तर गुल फूल फकिराना भनी अघी अघीका भारादार अमलाहरूले आफनु सनद गरी सालबसाल खुवाई आयाकोमा जांचबुझ गरी श्री ५ सर्कारको लाल मोहर मुख्तियारको दस्खत भयाको थामी अरू सबै खारेज गरी खैरख्वाह गर्नुभयो १३

पन्ध्रौं नेकीको चौधौं काम.

चौधरी कानुगोय जिमिदार मोकदम रायस बुइवल

तरफ महती तेसरी सबै खारेज गरी मालमा ज्मा बढाई इनीहरू-
लाई खान्की बाँझो पतीजमीन भर्ना गरी खैरखाह गर्नुभयो. — १४

तेरिज.

| | |
|---|---|
| पैह्ला नेकीको काम — | १४ |
| दोश्रा नेकीको काम — | ६ |
| तेश्रा नेकीको काम — | ६ |
| चौथा नेकीको काम — | ३ |
| पाचौं नेकीको काम — | २ |
| छैटौं नेकीको काम — | ६ |
| सातौं नेकीको काम — | ४ |
| आठौं नेकीको काम. — | १३ |
| नवौं नेकीको काम — | १७ |
| दशौं नेकीको काम — | ४ |
| एघारौं नेकीको काम — | १० |
| बाह्रौं नेकीको काम — | १३ |
| तेह्रौं नेकीको काम — | ११ |
| चौधौं नेकीको काम — | २० |
| पन्ध्रौं नेकीको काम. — | १४ |
| | १५१ |

गगनसिंह्को मान्स्या बाहुनले थापाथलीमा समाचार कहन आयेर श्री ३ महाराजपाट भाईहरूलाई समेत लि दरबार पाव लाग्नुभयो. उसै बखतमा श्री ५ सर्कारमा जाहेर भयेछ र श्री ५ वृद्ध महाराजाधिराज त्रिपुरेश्वर सँम पाव लाग्नु भयेछ र त्रिपुरेश्वर देखी पावरखवारी जानु हुंदा श्रीकान्छा महारानी कोतमा पाव लाग्नु भै बिगुल लगाई भारादार कैपु सामेल गराई राजभपाको रहेछ. श्री ३ महाराज वहां पुग्नु हुंदा जनरल गगनसिंह्लाई दगा गरी मार्‍यो खोज भनी दुवै सर्कार राज भै हुकम भयेछ र सबै भारादार बसी कैपूका कालम मित्र वीरकेसर पांडे, कीर्तिधोज पांडे, रणजीभीर पांडे, रनधोज दहाहरू संग करा सोधनी हुन लाग्याको थियो. चांडो ठेगाना गर. भनी श्री ५ वृद्धमहाराजाधिराज बाट हुकम हुंदा कसलाई काट् भनी हुकम हुन्छ काट्छु भनी अैमान राणाले तरवार झिक्या. वहांपछी श्रीकान्छा महारानी कोत सिसमहल

का ढेंडीमा पाव लाग्नु भै चौतरिया फत्तेजङ्ग साह, जनरल जंगवहादुर कवर, जनरल अैमान रानालाई हुकुम हुन्छ भनी मित्र डाकी लै जांदा अैमान राजा संग अघी देखीको ईवी पप्याको हुनाले अैमान रानालाई मारी चौतरिया फत्येजङ्ग साहलाई मुखतियारी दर्शन गराई दुवैजना मिली कामकाज गरौं भनी श्री ३ महाराज वाट ईरादा गरी अैमानरानालाई मारौं भनी चौतरिया संग भन्नु हुंदा नमार भनी चौतरियाले भन्याछन. फेरी श्री कान्छा महारानीका हजुर मा गै मलाई तिन्हौ भन्या अैमानलाई मार भनी हुकुम देऊ. अैमान लाई तिम्हु भन्या मलाई नलेऊ. छोडी देऊ. भनी श्री ३ महाराजवाट विनी गर्नु हुंदा वहांवाट पनी नमार भनी हुकुम भयेछ र फेरी वाहिर आई श्री गुरु विजैराज पंडितज्यू संग अैमानलाई मार भनी हुकुम दियेन. भन्नु हुंदा गुरु पदवी दिनु हुन्छ भन्या म हुकुम गराउंछु भनी गुरुज्युले भन्नु भयेछ र मेरो ईरादा पुग्यो भन्या तपाईंलाई गुरु पदवी दिउंला भनी सुमेनी सभाई धर्मवाचा गरी भन्नु हुंदा गुरु विजैराज पंडितज्यू मित्र श्री महारानीका हजुरमा गै अैमानलाई मार भनी हुकुम देऊ. हुकुम नादिया हजुरलाई वढिया हुन्या छैन. भनी विनी गर्नु भयेछ र वहांपछी श्री ३ महाराजवाट कसो हुकुम हुन्छ भनी विंती गर्दा ज्यानुकै गर भनी श्री कान्छा महारानी वाट हुकुम भयेछ र येती भन्या पछी अव अैमानलाई मात्र पक्र्या. चौतरियाले वल गर्न्याछन. तस निमित्त पैंहे दुवैलाई पक्रौं. अैमानलाई मारी सक्या पछी चौतरियालाई मुखतियारी दर्शन गराऊं भन्या मनमा लिनु भयाको थियो. रणमेहेरले लौ पक्र भन्दा जुद्धवीर अधिकारीले अैमानलाई पक्र्या. क्या हो भनी अैमानले भन्याछन र तिमीलाई वांधउ भन्याको छ भनी रणमेहेरले भन्याछन. लक्ष्मन गुरुले चौतरियालाई पक्र्या. तेस वखतमा नीज चौतरियाको छोरा खड्गविक्रम साहले श्री ३ महाराजका भाई वम वहादुर कृष्णवहादुर माथी तर्वार चलाउंदा धीरशमशेर जङ्गले खड्गविक्रम साहलाई तर्वार चलाई मार्‍या. फेरी वीरवहादुर साहले तर्वार उठाई आई लाग्दा श्री ३ महाराजवाट वन्दुकले हानी वीरवहादुर साहलाई मार्नु भयो

. . . . . . ले औमानलाई तर्वार चलाउँदा औमान राना ढलमल गरी वाहिर निस्की लोटेछन्. पृथ्वीधोज कुवरले तर्वारले हानी प्राण वितायाछन्. खड्गविक्रम साहलाई रणोद्दीपसिंह कुवरले चारपाटे ले छोपी राख्याको थियो. महाराजको ईरादा पहिले तिम्रा छोराले हाम्रा भाईहरु माथी तर्वार चलाउँदा भाईहरुले माऱ्याको हो. अघ्यौली तिम्रै छोराको हो. भनी सँधाई चौतारियैलाई मुखतियारी दर्शन गराउँला भन्न्या मनमा लिनुभयेको थियो. येस अलमलले चौतरिया कठवार भित्र पसी ढोका वंद गरी तर्वार झिकी वस्याका रह्याछन्. उस वखतमा तर्वार म्यानमा हाल. तिम्रा जिउमा केही गर्यौं भन्या कोटी ब्रह्महत्त्या कोटी गाई माऱ्याको हत्या लागला निस्क. निस्केनौ तेरीत संग तहाँ वसी रह्यौ भन्या तिमिलाई नमाऱ्या कोटी ब्रह्म हत्त्या कोटी गाई माऱ्याको हत्या लागला भन्दा पनी निस्केनन् र कठवारमा लात हानी फल्याक झिकी चौतरियालाई मार्नुभयो. यती भया पछी दंगा उठ्यो र गैह्र भारदार सँग दुस्मनै पर्दा तेस ठाउँमा श्री ३ महाराजका भाईहरुले गैह्र भारदारलाई कतल गराई श्री ३ महाराजवाट ज्मामर्दी गरी प्राईम्मिनिष्टरीमान दर्शन गर्नुभयो.

इति. ❁

---

❁ कोमलनाथ अधिकारीको यो लेखोट कापी मदन पुरस्कार पुस्तकालयको हस्तलिखितपट्टिको सङ्कलनमा क्रम सङ्ख्या ह– २७२ मा छ । – सम्पादक

*(पृष्ठ २ को बाँकी)*

(२) नेपाल अधिराज्यको संविधानको केहि विशेषताहरूको एक झलक– का.मे.अ.

(३) नेपाल भाषा स्तोत्र– ल.पु.मे.अ.”

माथि अलि हल्का पाराले केही टिप्पणी गरियो। तर गम्भीर हिसाबले हेर्ने हो भने यो सानो चिर्कटो चिठीले पनि धेरै कुरा भन्छ। पैलो त के भने त्यसबेला नेपाल अधिराज्यबाट प्रकाशित हुने पुस्तक-पुस्तिकाहरू जिल्लाजिल्लाका सरकारी कार्यालयमा आउँदा रहेछन् र गृहमन्त्रालयमार्फत ती अभिलेखीकरण (रेकर्ड) का लागि नेपाली भाषा प्रकाशिनी समितिमा पुऱ्याइँदा रहेछन् भन्ने बुझिन्छ। अर्थात् नेपाली प्रकाशनहरूको औपचारिक ‘डिपोजिटरी’ मा सङ्ग्रहस्थल त्यसबेलासम्म ने.भा.प्र.स. रहेछ। यति उत्तम व्यवस्था पछि कैलेदेखि कसरी खारिज भयो, थाहा छैन। तर दुर्भाग्यको कुरो के भने आज, ऐलेको नेपालमा, कुनै ‘डिपोजिटरी’को व्यवस्था छैन। कैले, कहाँ, के छापिन्छ, कसैलाई थाहा छैन, कुनै अभिलेख छैन।

– क.दी.



## सम्पादकीय

### यो अङ्क

यसभन्दा अघि पनि आफ्नो पूरै अङ्क एउटा पुस्तकलाई समेटेर ननिस्केको होइन 'नेपाली' । तर यसपटक त्यो कार्य अझै फरक पाराले गरिएको छ, स्क्यानिङ गरेर हस्ताक्षरमै । जङ्गबहादुर राणाले आफ्नो प्रधानमन्त्रित्व कालमा गरेका राम्रा कामहरूको लामै लगत कसैले उसै बेला लेखी राखेको लेखोट भेट्यौँ हामीले र त्यसलाई यस अङ्कमा समग्र हालेका छौँ । जङ्गबहादुरका क्रियाकलापको त्यो वर्णन एक प्रकारले ऐतिहासिक सामग्री त हो नै । त्यो कति तथ्यपूर्ण हो या होइन भन्ने छुट्ट्याउने काम हाम्रा इतिहासकारहरूको भनी त्यसतर्फ हामी तटस्थ रहन्छौँ । तापनि अर्को प्रकारले समेत त्यो लेखोट महत्त्वपूर्ण लाग्यो हामीलाई । त्यो लेखोट सार्ने काम विद्वान् कवि कोमलनाथ अधिकारीले गरेका हुन् र त्यो काम उनलाई लगाउने चाहिँ श्री ३ महाराज जुद्धशमशेर ! यो एउटा अर्थपूर्ण संयोग हो भन्ने हामीलाई लाग्यो– एउटा ऐतिहासिक कार्य आफैमा ।

यहाँ छाप्दा कवि कोमलनाथको लेखोटलाई कम्प्युटर-टाइप गरेर राम्रा अक्षरमा पनि दिन सकिन्थ्यो । तर हामीलाई लाग्यो, कविको हस्ताक्षरकै फोटो गरेर छाप्दा पनि यो पढ्न सकिने नै छ, ऐतिहासिक पनि हुन्छ । यस्तो विचार गरेर यो नौलो प्रविधि हामीले प्रयोग गरेका हौँ । बरु, बताउनुपर्ने कुरा के भने लेखोट- कापीको पेजपेज छुट्टै नगरेर अक्षर केही सानो पारी (रिड्युस गरी) लहरै राखिएको छ । यसो गर्दा लेखोटको कापीका ६३ पृष्ठ यसमा ४१ पृष्ठमै समेटिएका छन् ।

हामीले गरेको यो कार्य ठीकबेठीक के भयो– कसैले लिखित टिप्पणी पठाए हामी सहर्ष त्यो 'नेपाली'मा छाप्ने थियौँ ।

**प्राज्ञसभाहरू**

गएको साउन महिनामा प्रज्ञा-प्रतिष्ठानको गठन भयो, तर हुनपुग्यो सधैँ भदौमा प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्चमा हुनेभन्दा चर्को गाईजात्रा । प्रज्ञा भन्ने शब्दसमेत नबुझेका जस्ता संस्कृतिमन्त्रीले आफूखुसी प्राज्ञसभा र प्राज्ञपरिषद्हरू गठन गरे अनि पछि आफैले त्यसलाई 'अयोग्य' भनी विघटन गरे । आधा शताब्दीभन्दा लामो प्रज्ञा-प्रतिष्ठानको इतिहासमा त्यस संस्थाको यत्रो अपमान कैल्यै भएको थिएन । मन्त्रीको यस व्यवहारले गर्दा 'प्राज्ञ' भन्ने शब्दमा नै अवमूल्यन हुनपुग्यो । र 'प्राज्ञ' भन्न भनाउन विद्वान् र गुणी व्यक्तिहरूले लज्जाबोध गर्नुपर्ने स्थिति आइलाग्यो । देशको शासनको बागडोर सम्हालेका प्रधानमन्त्रीले तीनैओटा प्राज्ञसभाका संरक्षक भएका नाताले पनि केही निर्णायक भूमिका खेल्नु आवश्यक छ भन्ने हामीलाई लाग्दछ । तर २०६५ साल सकिँदासम्म केही भएको देखिएको छैन । देश प्रज्ञा-हीन छ, सबै अर्थमा !